वर्ष : १३ | अंक : ३
२०८० असोज | 2022 Sep.-Oct.

# अर्थ र रोजगार

ARTHA RA ROJGAR

राष्ट्रिय मासिक



दशैंमा के गर्छिन् गायिका ?



## महँगीको मारमा चाडबाड

## एनआरएनए ११ औं महाधिवेशन

मूल्य रु.४०/-, भारु. ३०/-, मलेसियन रिंगेट ५/-, युएई दिराम ५/-, कतारी रियाल ५/-, ओमानि रियाल ०.५/-, बहराइन दिनार ०.५/-, युएस $ १/-

# MALAYSIA VISA APPLICATION CENTER

## INDRA TRAVEL & TOURS PVT LTD.

Mahamati Bhawan, Gairidhara, Kathmandu, Nepal

SINCE 1984 A.D






### CONTACT US

- 014442035|014442036
- Gairidhara, Kathmandu,Nepal
- info@indratravelnepal.com
- www.indratravelnepal.com

TOURISM MALAYSIA nepal

### OUR SERVICES

Flight | Transportation | Holidays | Visa Assistance | Hotel | Travel Insurance | Cruise Package | Helicopter

### ASSOCIATED WITH

IATA NTB NATTA PATA


HAPPY दसैं
छिटो, सजिलो, विश्वासिलो यस्तो
हातमै पैसा दिए जस्तो
रकम पठाउन तथा पाउनका
लगि भरपर्दो माध्यम
Toll Free : 16600-144444
www.prabhumoneytransfer.com.np
prabhu
Money Transfer
प्रभुको इच्छा



विदेशको कमाई, स्वदेशमा उच्च प्रतिफल
Best Remit Saving
11.5%
आकर्षक ब्याजदर !
HAPPY दसैं
BEST FINANCE COMPANY LTD.
बेष्ट फाइनान्स कम्पनी लि.
BFC
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त संस्था
01-4542461
www.bestfinance.com.np


HAPPY दसैं
चुनौति जहाँपनि छ, अप्ठ्यारो जहिले पनि
आउनसक्छ तर लगनशिल भएर कोशिस
गरिरहे विश्वास र सम्बन्ध सधैं रहिरहन्छ ।
सम्सारा रेमिट जस्तै ।
SAMSARA
REMIT
Toll Free No.
16600171819
www.samsararemit.com



DASHAIN TIHAR

# दशैं तिहार

HAPPY DASHAIN & TIHAR

विजयादशमी, दीपावली तथा छठ पर्व २०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, समृद्धि र सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**श्रीमती मनमाया श्रेष्ठ**
संरक्षक



**सुजनकुमार श्रेष्ठ**
अध्यक्ष

## लायन्स मनराम प्रतिष्ठान, परिवार

बालुवाटार, काठमाडौं

# शुभकामना

विजयादशमी २०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि एवं सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**दिलकुमार श्रेष्ठ**
अध्यक्ष



**Al Secure Manpower Recruitment Pvt.Ltd.**
Sinamangal – 09, Kathmandu



# विजया दशमी २०८०को

पावन अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीमा सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामनासहित

## हार्दिक शुभकामना

**रबिन गुरुङ**, प्रबन्ध निर्देशक

Trust Nepal
Overseas (P.) Ltd.

**ट्रस्ट नेपाल ओभरसिज प्रा.लि.**
महाराजगंज, काठमाडौं

# श्रम स्वीकृती लिई बैदेशिक रोजगारमा गएका कामदारलाई प्रदान गरिने आर्थिक सहायता सम्बन्धी व्यवस्था:

### क) मृतक कामदारका परिवारले आर्थिक सहायता पाउने अवस्थाहरु:

- वैदेशिक रोजगारमा गएको श्रमिकको श्रम अवधि तथा अवधि समाप्त भएको मितिले एक वर्ष भित्रमा मृत्यु भएको हुनुपर्ने छ।
- मृत्यु भएको मितिले एक वर्ष भित्रमा वैदेशिक रोजगार वोर्ड वा आफ्नो स्थायी ठेगाना भएको स्थानीय तहमा निवेदन दिनुपर्ने छ।

### प्राप्त गर्ने सहायता रकम:

- नजिकको हकवालाको वैङ्क खातामा एकमुष्ट रु. ७ लाख प्रदान गरिने।

### पेश गर्नु पर्ने आवश्यक कागजातहरु :

- स्थानीय तहले प्रदान गरेको मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपि
- विदेशस्थित रोजगारदाता कम्पनी, नियोग, अस्पतालको मृत्यु भएको प्रमाण र प्रज्ञानपत्र (विदेशमा मृत्यु भएको कामदारको हकमा)
- नेपाल फर्किएको टिकट, पासपोर्टमा टांसेको प्रस्थान र आगमन स्टिकरको प्रतिलिपि (नेपालमा मृत्यु भएका कामदारको हकमा)
- मृतक कामदारको नागरिकता र राहदानीको प्रतिलिपि
- स्थानीय तहबाट हकवाला खुलेको फोटो सहितको किटानी सिफारिस- मृतक अविवाहित भए स्थानिय तहबाट अविवाहितको सिफारिसको प्रतिलिपि
- हकवालाको बैंङ्क खाता खुल्ने कागजातको प्रतिलिपि
- अन्य आवश्यक कागजातको प्रतिलिपि (मन्जुरीनामा, सर्जमिन मुचुल्का आदि)

### ख) अंगभंग/गम्भिर बिरामी कामदारले आर्थिक सहायता पाउने अवस्थाहरु:

- वैदेशिक रोजगारमा गएको श्रमिकको श्रम अवधि तथा अवधि समाप्त भएको मितिले एक वर्ष भित्र कुनै कारणले विदेशमा अंङ्गभंग वा गम्भिर बिरामी भएमा स्वदेश फिर्ता भएको १ वर्ष भित्र र स्वदेशमा विदेशमा अंङ्गभंग वा गम्भिर बिरामी भएमा सोको १ वर्ष भित्र आफ्नो स्थायी ठेगाना भएको स्थानीय तह वा वैदेशिक रोजगार बोर्डको सचिवालयमा निवेदन दिनु पर्ने।

### प्राप्त गर्ने सहायता रकम:

- निवेदकबाट पेश भएका अस्पतालको कागजातका आधारमा विशेषज्ञ समितिको निर्णयानुसार बढीमा ७ लाख रुपैयाँ सम्म आर्थिक सहायता उपलब्ध गराउने।

### पेश गर्नु पर्ने आवश्यक कागजातहरु:

- अंगभंग/उपचार गरेको प्रमाण कम्पनी वा दुतावास/अस्पतालको कागजातको प्रतिलिपि (विदेशमा अंगभंग/बिरामी भएको कामदारको हकमा)
- नेपाल फर्किएको टिकट, पासपोर्टमा टांसेको प्रस्थान र आगमन स्टिकरको प्रतिलिपि
- कामदारको नागरिकता र राहदानीको प्रतिलिपि
- नेपालको सरकारी अस्पताल वा मान्यताप्राप्त अस्पतालमा उपचार गराएको प्रमाण पत्रको प्रतिलिपि
- कामदारको बैंङ्क खाता खुल्ने कागजातको प्रतिलिपि
- अचेत अवस्थामा रहेको कामदारको हकमा निवेदकको नागरिकता र कामदारसँगको नाता प्रमाण पत्रको प्रतिलिपि

### एकमुष्ठ आर्थिक सहायता प्राप्त हुने:

- श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा गएका कामदारको कुनै कारणले मृत्यु भएमा वा अंगभंग वा बिरामी भएमा त्यस्तो मृतकको हकवाला वा अंगभंग वा बिरामी परेको कामदारले माथि क र ख बमोजिमको आर्थिक सहायता नपाउने भएमा बोर्डले त्यस्तो हकवाला वा कामदारलाई एकमुष्ठ २५ हजार रुपैया उपलब्ध गराउने।

### बीमा मार्फत मृतक श्रमिकको परिवारलाई आर्थिक सहायता सम्बन्धी व्यवस्था:

- श्रम स्वीकृती लिई वैदेशिक रोजगारमा गएको श्रमिकको विदेशमा कार्यरत रहँदा श्रम अवधि भित्र मृत्यु भएमा बीमा वापत १० लाख, आयको क्षति वापत २ लाख, हवाइ टिकट वापत १ लाख र क्रिया खर्च वापत १ लाख गरि जम्मा १४ लाख पाउने प्रावधान रहेको छ। साथै सोहि अवधिमा नेपालमा मृत्यु भएमा हवाइ खर्च कटौति गरि जम्मा १३ लाख पाउने व्यवस्था छ।
- बीमा कम्पनीको नाम तथा अन्य जानकारीबारे थाहा पाउन निम्न लिंकमा क्लिक गरी पासपोर्ट नम्बर राखि जाँच गर्न सकिने छ।
- लिंकमा क्लिक गर्नुहोस्: https://dofe.gov.np/
- लिंकमा क्लिक गरिसकेपछि वैदेशिक रोजगार विभागको वेवसाइट खुल्नेछ। अन्तिम श्रम स्वीकृतीको खोजीमा जाने र त्यहाँ पासपोर्ट नम्वर राख्ने त्यसपछि खोज्नुहोस् भन्ने वटन क्लिक गर्ने।

## बीमा भुक्तानीको दाबिका लागि आवश्यक कागजातहरु :

- क्षतिको जानकारी सम्बन्धि निवेदन
- दाबीकर्ताले भर्ने बीमित तथा दाबीकर्ताको विवरण तथा बीमितको मृत्यु बारे विवरण सहितको मृत्युदाबी फारम
- मृतक बीमितको राहदानीको प्रमाणित प्रतिलिपि
- बीमितको श्रम स्वीकृतिको प्रमाणित प्रतिलिपि
- विदेशमा मृत्यु भएको हकमा बीमितको शव नेपाल ल्याईएको प्रमाणित हुने कागजातहरू
- दुर्घटना वा अप्राकृतिक मृत्युको हकमा सम्बन्धित मुलुक वा निकायबाट जारि आधिकारिक प्रहरी प्रतिवेदन वा शव परिक्षण प्रतिवेदन
- बीमारीको कारण भएको मृत्युको हकमा चेकजाँच गरिएको उपचार सम्बन्धि सम्पुर्ण कागजात, डिस्चार्ज समरि, मेडिकल डेथ सर्टिफिकेट।
- श्रम स्वीकृत प्राप्त गरी विदेश प्रस्थान गर्नु अघि ३ महिना र बीमा अवधि समाप्त नहुदै अर्को भिसाको लागि प्रोसेसिङ्ग गर्न लाग्ने ३ महिना समेत गरी श्रम स्वीकृत अवधिमा ६ महिनाको अवधि रक्षावरण हुने गरी बिमालेख जारी गर्ने व्यवस्था रहेको।


थप जानकारीका लागि

वैदेशिक रोजगार बोर्ड

सम्पर्क टेलिफोन नम्बर : ०१-५३२०३११, ०१-५३२०४३३

०१-५३२०५४३ पैसा नलाग्ने कल सेन्टरको फोन नम्बर : ११४१

इमेल : info@feb.gov.np, welfare@feb.gov.np, वेवसाइट : https://www.feb.gov.np/

# यसभित्र





आवरण

## महंगीको मारमा चाडपर्व

नेपालीहरूको महान चाडपर्व दशै, तिहार तथा छठ नजिकिदै जाँदा  बजारमा चहलपहल बढ्नु पर्ने हो। मानिसहरूको दैनिकी फेरिनु पर्ने हो। व्यवसायीहरूमा उत्साह र जाँगर चल्नु पर्ने हो। कोरोना कहरपछि उत्पन्न आर्थिक मन्दी तथा आयआर्जनमा परेको प्रभावका कारण पनि आम मानिसमा अत्यावश्यक बाहेक किनमेल संस्कृतिमा परिवर्तन आएको छ। झन महँगी दिनानु दिन बढ्दा उपभोक्ताको क्रयशक्ति घट्दो छ। महंगीले श्रम गर्नेहरू सबैभन्दा बढि पिडित छन्। चाडपर्वको बेला उपभोग्य बस्तुहरूमा मुल्यवृद्धि हुँदा जीवनशैली नै कष्टकर बन्दै गइरहेको छ।

१२



१९

२० वर्षमा एनआरएनए

## अध्यक्षमा को ?





30 चाडपर्वमा रेमिट्यान्स पठाउँदा उपहारै उपहार

३६

चौतारी

## गुमानसिंहको दशैं

युवराज नयाँघरे





३८

अनुभूति

## दशैं आयो हामी सुध्रौं

शम्भु सुस्केरा

२३ जनजीवन



## आफ्नै माटोमा मौलाएकी कुसुम

• बिन्दु अधिकारी ढकाल

## दशैंमा के गर्छन् गायिका

४०



## सम्पादकीय

# दशैंसँगै सम्वृद्धिको अपेक्षा

*नेपालीहरूको महान पर्व दशैं तथा तिहारको आगमनले आशा, भरोसा तथा उमंगको सन्देश बोकेर ल्याउँछ। मानिसहरूमा छुट्टै तरंग सृजना गर्दछ। बर्ष दिनको थकान चाडवाडको रमझमले मेटाइदिन्छ। देशले पनि दशैंसँगै केही परिवर्तनको अपेक्षा गरेको छ। जनताको मुहारमा दशैंसँगै मुस्कान भित्रने आशा छ। देशले दशैंसँगै सम्बृद्धिको अपेक्षा गरेको छ। वडा दशैं तथा शुभ दिपावली २०८० ले सबैको आशा तथा अपेक्षा पुरा गर्न सकोस्।*

*गायक योगेश्वर अमात्यको गीत 'दशैं नै होकी यो मेरो दशा...' भने जस्तै धेरैलाई भइरहेको छ। देशमा आर्थिक मन्दी तथा हरेक क्षेत्रमा चरम मंहगी बढ्दा धेरैमा दशैंले कुनै उमंग ल्याउन सकेको छैन। न्युन आय हुनेहरूका लागि चाडवाड त झन दशा बनेर आए झैं हुन्छ। दशैं टार्न र पुऱ्याउनका लागि निकै धौधौ पर्छ। दशैंले छपक्कै छोपिसक्दा समेत यो बर्ष खासै उमंग देखिन सकिएको छैन।*

*चाडवाडको समयमा आर्थिक गतिविधी चलायमान हुनु पर्ने हो। बजारमा भिडभाड देखिनु पर्ने हो। दशैं अघि कपडा, खाद्यान्न, जुत्ताचप्पल, सुनचाँदी, भाँडाकुँडा, इलेक्ट्रोनिक्स लगायतका पसलमा ग्राहकको बाक्लो उपस्थिति देखिन्थ्यो। किनमेलमा थप आकर्षित गर्न सपिङ मल तथा विभिन्न सामाग्रीका उत्पादकहरूले स्कीम र योजना ल्याउथे। तर, यस पटक भने यस्ता गतिबिधी निकै कम देखिएका छन्।*

*अहिले बजारमा लत्ताकपडा मात्र होइन तरकारी, खाद्यान्न, फलफुल लगायतका अत्यावश्यक सामाग्रीहरूमा मुल्य बृद्धि भएको छ। सरकारले अनुगमन तथा मुल्य बृद्धि नियन्त्रणको कुनै प्रयास नगर्दा उपभोक्ताहरू दिनदहाडै ठगिइरहेका छन। कुनै विकल्प नहुँदा जस्तोसुकै महँगी भएपनि ऋण गरेरै किन नहोस चाडवाडमा मिठोमसिनो खाने र राम्रो लगाउने इच्छा पुरा गर्न नेपालीहरू बाध्य छन्। अप्रत्यासित रुपमा मुल्य आकासिदा गरिखाने वर्ग सबैभन्दा बढी मारमा परेका छन्। चाडपर्वको समयमा कतिपय व्यापारीहरूले सामान लुकाएर मुल्यवृद्धि गर्दै आएका छन्।*

*कतिलाई यही चाडवाडले सकस पनि थपेको छ। सिमित कमाई हुने र आर्थिक अवस्था कमजोर हुनेलाई चाडवाडले थप पीडा दिने गर्छ। त्यसैले आफ्नो क्षमता र दक्ष अनुसार चाडवाडलाई मनाउनु पर्छ। अरुको लहलहैमा लागेर होइन आफ्नो क्षमता अनुसार दशैं मनाउनु पर्छ। वर्ष दिनमा आउने चाडवाडलाई आफ्नो क्षमता अनुसार मनाउनु हामी सबैको रहर वा परम्परा नै हो। उत्साहका साथ चाडवाड मनाउँदा अझै ख्याल पुऱ्याउन आवश्यक छ। कोरोना महामारीको संकट कम भएता पनि लामखुट्टेबाट सर्ने डु यांगुका बिरामी बढिरहेका छन्। त्यसैले स्वास्थ्य मापदण्ड अपनाएर मात्र चाडवाडमा परिवार र साथीभाईसँग रमाऔं। वडा दशैं २०८० सालको देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना।*


रोजगार मिडिया प्रा.लि.

जि.प्र.का. काठमाडौं द. नं. १३७/०६७/०६८

अर्थ र रोजगार
राष्ट्रिय मासिक
AARTHA RA ROJGAR

• वर्ष १३ • अंक ३ • २०८० असोज

**सल्लाहकार**
युवराज नयाँघरे
जगदीश खरेल
शंकर खनाल

**प्रबन्ध निर्देशक/सम्पादक**
उद्धव भट्टराई

**निर्देशक/कार्यकारी सम्पादक**
सुमन गिरी

**निर्देशक/सह-सम्पादक**
उत्तम भट्टराई

**निर्देशक/प्रमुख व्यवस्थापक**
फणिन्द्र दाहाल

**व्यवस्थापक**
पर्वत विश्वकर्मा

**संवाददाता**
सरोज श्रेष्ठ
कृष्ण पाण्डे
मोहन सुवेदी

**ओमान संयोजक**
दिपक श्रेष्ठ
(९६८९६०५३४६९)

**कतार प्रतिनिधि**
खेम भट्टराई
(९७४५६०९५७८)

**कला संयोजक**
हेमन्तराज गौतम

**प्रतिनिधि**
राजु थापा (क्यानडा)
जनक गिरी (जापान)
हरिकृष्ण अधिकारी (इजरायल)
यामबहादुर पुरकोटी (युएई)

**कानुनी सल्लाहकार**
देवराज कटुवाल

**डिजाइन**
महेश कार्की

**मुद्रक**
नयाँ नेपाल प्रेस प्रा.लि.,
असन, काठमाडौं
फोन : ९८५११७९९९६

**कार्यालय**
रोजगार मिडिया प्रा.लि.
ज्ञानेश्वर, काठमाडौं
पो.ब. नं. १२०१८,
फोन : ०१-४५३१०४३
९८४९१४५५३४,९८५१००१३२५
इ-मेलः artharojgar@gmail.com
www.rojgarmanch.com



# पाठक पत्र



## आकर्षक रोजगार गन्तव्य खोजीमा सरकारकै उदासिनता

नेपालीहरू वैदेशिक रोजगारीमा जाने प्रचलन सुरु भएको दशकौ भइसक्यो । तर यसबीचमा अधिकांश नेपालीहरूको पहुँच खाडी मुलुक तथा मलेसिया भन्दा पर पुग्नै सकेको छैन । जुन सरकार आएपनि रेमिट्यान्सको चर्चा गरेर थाक्दैन । श्रमिकको हकहित, सुरक्षा र आकर्षक गन्तव्य खोजि गर्ने भनेको पनि दशकौ भइसक्यो । तर सरकारले न त विदेशिएका श्रमिकलाई अविभावकत्व नै दिन सकेको छ न त आकर्षक मुलुक पठाउनै सकेको छ । सरकारकै उदाशिनताका कारण नेपालीहरू राम्रो मुलुक जानै सकेका छैनन् ।

*- रामचन्द्र काफ्ले, बनेपा*

विगतमा नेपालीहरूले अवसर पाइराखेको हङकङ रोजगारी लामोसमय देखि बन्द रहदा पनि यसलाई खुलाउन नसक्नु दुःखदायी विषय हो । यस्तै इजरायल, जापानजस्ता मुलुकले नेपाली कामदार लिन चाहदा पनि सहजरुपमा जाने वातावरण बनाउन नसक्दा यी र यस्ता आकर्षक रोजगार गन्तव्य नेपालीका लागि अझ सपनामै सीमित भएको छ ।

*- उषा राई, कुवेत*

## नेत्रप्रसादहरूलाई सरकारले रोक्न सक्नुपर्छ



अर्थ र रोजगार मासिक पत्रिकामा विदेश मोह त्यागेर स्वदेशमै रोजिरोटीको व्यवस्थाका लागि संघर्ष गरिरहेका नेत्रप्रसाद भुसालले अन्ततः हार खाएर विदेश नै जान प्रयास गरिरहेको समाचार पढदा मन नै दुःखी भयो । सबै युवाले आफैं लगानी लगाएर व्यापार-व्यवसाय गर्न सक्दैनन, सबैले रोजगारीका अवसर पनि पाउन सक्दैनन् । तर जसले केहि गर्न प्रयास गरिरहेका छन उनीहरूलाई कुनै न कुनै माध्यमबाट सहारा दिनु राज्यको कर्तव्य होइन र ? यसर्थ सरकारले यस्ता नेत्रप्रसादहरूलाई देशमै रोक्न सक्नुपर्छ ।

*- खगेन्द्र सापकोटा, काठमाडौं*

## धेरै सौनक रित्तिएका छन्



वैदेशिक रोजगारी, त्यही माथि युरोप तथा आकर्षक देश जान पाइने भनेपछि धेरै नेपाली युवाहरू आखा चिम्लिएर पछि लाग्ने गर्छन । यसैको फाइदा उठाउन दलालहरू टोलटोलमा सक्रिय देखिन्छन् ।

लेखक युवराज नयाँघरेले 'सौनकलाई सापटी' लेखमा उजागर गरेजस्तै गाँउटोलबाट आश्वासन दिएर काठमाडौंमा ल्याइपुऱ्याइएका धेरै युवाहरू सपना देख्दा देख्दै यही रित्तिने गरेका छन । कतिपय त ठगिका शिकार समेत भएका छन । आखिर यस्तो अवस्था नेपालीहरूले कहिलेसम्म भोगिरहनुपर्ने हो, जवाफ कस्ले देला ?

*- उषा खड्की, विराटनगर*

## गजल



### खुशी 'कला'

दशैं आयो हुने खानेलाई माला माल उस्तै छ,
गरिबलाई कसरी बाँच्ने बचाँउने सवाल उस्तै छ ।

बाध्यताले परदेश रोज्यो, चाडमा स्वदेश सम्झयो,
चसक्क हुन्छ मन, साहुको ऋणको पर्खाल उस्तै छ ।

अर्को वर्ष दशैं मनाउँला आमा भन्छ परदेशी,
थपिँदो कर्तव्य, जिम्मेवारी हरेक साल उस्तै छ ।

पार्टी प्रवेश गरे मात्र राहत पाउँछ एउटा पिडितले,
चर्चा केन्द्रित समाजसेवा पीडितको हाल उस्तै छ ।

आफ्नो हैसियत हेर्दै चाडवाड मनाउनुस् महोदय,
नबिर्सनुस् दशैंको भोलिपल्ट अनिकाल उस्तै छ ।।

## एनआरएनए प्रवासी नेपालीको अभिभावक बनोस्

प्रवासमा रहेका नेपालीहरूको साझा संस्थाको रुपमा रहेको गैरआवासीय नेपाली संघले अझ पनि धेरै प्रवासीलाई आफूभित्र समेटन सकेको छैन । झन पछिल्लो समय यो संस्था नेतृत्व विवादमा फस्दा र राजनैतिक दाउपेजको शिकार बन्दा भएकै शाख पनि गुमाउदै गएको छ । अब आउने नेतृत्वले यी कुरा मनन गरेर विदेशमा रहेका नेपालीको साझा संस्था मात्र होइन अविभावक बनाउनेतर्फ लागोस् भन्न चाहन्छु ।

*- विशाल खड्का, युएई*

NRNA
Non-Resident Nepali Association
गैरआवासीय नेपाली संघ
Non-Resident Nepali Association



# महंगीको मारमा चाडपर्व

• अर्थ र रोजगार

नेपालीहरूको महान चाडपर्व दशै, तिहार तथा छठ नजिकिदै जाँदा  बजारमा चहलपहल बढ्नु पर्ने हो । मानिसहरूको दैनिकी फेरिनु पर्ने हो । व्यवसायीहरूमा उत्साह र जाँगर चल्नु पर्ने हो । तर, कसैमा उत्साह देखिन सकेको छैन । चहलपहल बढेको छैन । मानिसहरूमा उत्साहको साटो निराशाको बादल मडारिएको छ ।

विशेषगरी भुकम्प तथा कोरोना कहरले अस्तव्यस्थ बनाएको दैनिकी र अर्थतन्त्र अनि त्यसपछि सुरु भएको रुस-युक्रेन युद्धको विश्वव्यापी प्रभावका कारण चुलिदो महंगीले मानिसहरूमा उत्साह पलाउन सकेको छैन ।

चाडवाड नजिकिदै जाँदा अत्याधिक चहलपहल हुने काठमाडौं उपत्यकाका प्रमुख व्यापारिक स्थानहरू न्यूरोड, महावौद्ध, असन, पाटनको मंगलबजारलायत देशभरका व्यापारिक केन्द्रहरू तथा सपिङ सेन्टरहरू सुनसान जस्तै छन् । जसका कारण व्यापारी व्यवसायीहरूमा निराशा छाएको छ ।

कपडा, खाद्यान्न, जुत्ताचप्पल, सुनचाँदी, भाँडाकुँडा, इलेक्ट्रोनिक्स लगायतका पसलमा दशैअघि ग्राहकको बाक्लो उपस्थिति देखिन्थ्यो । यसबेला समय मिलाएर किनमेल गर्नेहरूको बजारमा भिड हुन्थ्यो । किनमेलमा थप आकर्षित गर्न सपिङ मल तथा विभिन्न सामाग्रीका उत्पादकहरूले स्कीम र योजना ल्याउथे । तर, यस पटक भने यस्ता गतिबिधी निकै कम देखिएका छन् ।

विशेषगरी पछिल्लो केही वर्षयता कोरोना कहरले बजार ठप्प नै बन्यो । विस्तारै यसको

> कोरोना कहरपछि उत्पन्न आर्थिक मन्दी तथा आयआर्जनमा परेको प्रभावका कारण पनि आम मानिसमा अत्यावश्यक बाहेक किनमेल संस्कृतिमा परिवर्तन आएको छ। झन महँगी दिनानु दिन बढ्दा उपभोक्ताको क्रयशक्ति घट्दो छ।

असर कम हुन थालेपछि चलायमान हुन थालेको बजार अझै लयमा फर्कन सकेको छैन। यसबीचमा कैयौ व्यापारी-व्यवसायी पलायन नै भए। कतिपयले आत्महत्याको बाटोसम्म रोजे। अन्य समयमा व्यापार नभए पनि चाडपर्वको समयमा चाहि व्यापार होला कि भन्ने आशामा रहेका व्यापारी-व्यवसायीहरू दशैं सुरु हुन केही साता मात्रै बाँकी रहँदा पनि चहलपहल नबढ्दा थप निराश देखिएका छन्।

'पहिला-पहिला चाडपर्व आउनु महिना दिन अघिबाटै खाना खानेसम्म फुर्सद हुदैनथ्यो, ल्याएको सामान थोक विक्रेतालाई पुऱ्याउनै हम्मेहम्मे हुन्थ्यो। अहिले दिनभरी कुर्दापनि ग्राहक आउँदैनन्' न्युरोडमा होलसेल पसल चलाइरहेका रामेछापका रामहरी खड्का भन्छन्-'३-४ वर्ष त कोरोनाका कारण व्यापार ठप्प जस्तै नै भयो, गतवर्षबाट भने अलिअलि आशा पलाउन थालेकोमा चाडपर्वमा समेत फुर्सदिलो भएर बस्नुपर्दा अब भने विकल्प खोज्नुपर्ने होकी भन्ने लाग्न थालेको छ।'

एकातिर व्यापारिक कारोवार मन्द गतिमा हुनु र अर्कोतिर चिनसँगको उत्तरी नाका सहज सुचारु हुन नसक्दा व्यापारी-व्यवसायीहरूले सामान आयातमा पनि कठिनाई भोगिरहेका छन। आयातमा लागत बढ्दा सामानहरूमा पनि मुल्य बढेको छ।

'व्यापार त घटेको छ नै, तर अलिअलि बिक्रि हुने सामान तथा नयाँ सामान समयमै ल्याउन नसक्दा स्टकको सीमित सामान बिक्री गरेर बस्नुपरेको छ' महावौद्धमा लत्ताकपडाको होलसेल चलाइरहेका विराटनगरका उमेश कार्की भन्छन 'होलसेलको व्यापार नै नभएको चाहिं हैन, तर विगतमा जस्तो दशैंको मुखमा हुने उत्साहजनक व्यवसाय पछिल्लो केहीवर्ष यता छैन।'

मन्दीको अवस्था भएपनि व्यापारी व्यवसायीहरूले बजारमा मालसामान भने अभाव हुन दिएका छैनन्। चाडबाडका लागि पर्याप्त सामान भएता पनि विगतको तुलनामा बिक्रि धेरै कम हुँदा चाडपर्वलाई भनेरै धेरै लगानी नथपेको व्यवसायीहरू बताउँछन्।

कोरोना कहरपछि उत्पन्न आर्थिक मन्दी तथा आयआर्जनमा परेको प्रभावका कारण पनि आम मानिसमा अत्यावश्यक बाहेक किनमेल संस्कृतिमा परिवर्तन आएको छ। झन महँगी दिनानु दिन बढ्दा उपभोक्ताको क्रयशक्ति घट्दो छ। 'पहिलाजस्तो दशैंका लागि सपिङ गर्ने प्लान पनि छैन, पैसा पनि छैन' काठमाडौं बस्ने भोजपुरका गोपाल रायमाझी भन्छन्-'दशैंमा घर जाने खर्चले काठमाडौंमा नै दशैं मनाउने योजना छ।'

**गाँउघरमा पनि छैन चहलपहल**

अघिपछि जहाँ र जस्तो अवस्थामा भएपनि दशैमा सबै परिवार र आफन्त भेला भएर रमाइलो गर्ने तथा आर्शिवाद साटासाट गरिने हुँदा यो पर्वको महत्व नेपालीमाझ निकै छ। झन गाँउघरबाट रोजीरोटीका लागि शहर पस्ने या प्रवास भासिन बाध्य छोराछोरी, दाजुभाई, आमाबाबु, इष्टमित्र तथा आफन्त घर आउन लागेको खबरले विशेषगरी गाँउघरमा दशैंको माहौल तात्तिने गर्छ। तर पछिल्लो केही वर्षयता चाडपर्वमा सबैभन्दा बढी चहलपहल देखिने गाँउघरमा पनि सुन्यता छाउदै गएको छ।

अधिकांश घरका युवाहरू कोहि शहरमा त कोही विदेश गएका छन्। गाँउमा बुढाबुढी मात्र घर कुरेर बसेका छन्। आफ्नै मुलुकमा रोजगारी पाउन नसक्दा लाखौ युवा विदेशीन बाध्य भएका हुन्। लामो समय घरपरिवारबाट बिछोडिनुको पीडा उनीहरू र परिवारलाई यही चाडपर्वले बढी सम्झाइदिन्छ। त्यही भएर होला सम्भव भएसम्म यो समय जुनसुकै मुल्य चुकाएर भएपनि घर फर्किने, नभए परिवारको खुसीका लागि आफ्नो पीडा लुकाएर भएपनि

## गरिबको दसैं कसरी टर्छ ?



**रघुजी पन्त**

खल्तीमा तलब हालेर हिँड्यो बजार
चामलको बोराले नाघ्यो तीन हजार
रहर दाल किलोको २५०
बजार भाउ सुन्दा गुम्छ होस् हवास्॥

तरकारीले भाउ नै नसोध् भै गर्छ
गोलभेँडाले के किन्लास् र तैंले भनेर आँखा तर्छ
दसैं पेस्की आउने कहिले कहिले
पेस्कीमा महँगी आयो
सरकारका घर त उज्यालो होलान्
नहुनेको घरमा अहिले नै अध्यारो छायो

आउन लागेको दसैं सम्झेर
जनता मुर्छा पर्छ!
सरकार गरिबको दसैं कसरी टर्छ ?
मेरो प्रश्न छ सरकार
गरिबको दसैं यसपटक कसरी टर्छ ?

*(सांसद पन्तले प्रतिनिधिसभामा प्रस्तुत गरेको कविता)*





पर्व रंगिन बनाइदिन प्रवासमा रहेका नेपालीहरूले कुनै कसर बाँकी राख्दैनन् ।

प्रवासमा रहेका सबै नेपाली चाडवाडमा घर फर्कन सक्दैनन् । जति स्वदेश आउन पाउँछन उनीहरूको परिवारमा बेग्लै उमंग छाउँछ । आउन नपाउनेहरूले परिवारको खुसीका लागि सक्दो खर्च पठाउँछन । विदेशमा भएको भन्ने वित्तिकै घरपरिवार, आफन्त, इष्टमित्र तथा साथीभाईको ठुलो अपेक्षा हुने गर्छ । त्यही भएर चाडवाडको बखतमा विदेशबाट आउने रेमिट्यान्स पनि बढ्ने गर्दछ ।

युवाविहिन हुँदा गाँउघरमा रोटेपिङ र लिंगे पिङ हाल्ने प्रचलन हट्दै जान थालेको छ । घटस्थापना अघिदेखिनै कमेरो र रातोमाटोले घर लिपपोत गर्ने चटारो पनि अहिले त्यती देखिदैन । पारिवारीक जमघट पातलो हुदै जादा पहिलेजस्तो जमघट गाँउघरमा देखिदैन ।

झन पछिल्लो समय नेपालीहरू कार्यरत विदेशका विभिन्न मुलुकले फेमेली भिसा सहज बनाएपछि अलि राम्रो कमाई भएकाहरूले बाबुआमा तथा छोराछोरी विदेशमै बोलाउने प्रचलन बढ्न थालेको छ । अझ अध्ययनका लागि विदेशिनेहरूले यो समयमा बुबा आमालाई उतै बोलाउदा गाँउघरमा चाडपर्वको समयमा बृद्धबृद्धा पनि नदेखिने अवस्था बनिसकेको छ । विशेषगरी धेरै नेपालीहरू अध्ययनरत अष्ट्रेलिया, अमेरिका, क्यानाडा लगायतका मुलुकले बाबुआमाका लागि भिसा सहज गरिदिदा चाडपर्व पनि सँगै मानिने र घुमघाम पनि गराइदिने अवसर हुँदा विदेशमा नै चाडवाड मनाउनेहरू बढ्न थालेका छन् ।

**महँगीको चर्को मारमा उपभोक्ता**

पछिल्ला केहि वर्षयता कोभिड १९ का कारण खल्लो बनेको चाडपर्व यसपटक पनि उल्लासमय बन्न सकेको छैन । झन बजारमा अचाक्ली महँगी बढ्दासमेत सरकारले अनुगमन र कुनै चासो नदेखाउँदा उपभोक्ताहरू चर्को मारमा परेका छन् ।

चाडवाडको बेलामा नेपाली अर्थतन्त्र केही चलायमान हुन्छ । अहिले बजारमा लत्ताकपडा मात्र होइन तरकारी, खाद्यान्न, फलफुल लगायतका अत्यावश्यक सामाग्रीहरूमा मुल्य बृद्धि भएको छ । सरकारले अनुगमन तथा मुल्य बृद्धि नियन्त्रणको कुनै प्रयास नगर्दा उपभोक्ताहरू दिनदहाडै ठगिइरहेका छन । कुनै विकल्प नहुँदा जस्तोसुकै महँगी भएपनि ऋण गरेरै किन नहोस् चाडवाडमा मिठोमसिनो खाने र राम्रो लगाउने इच्छा पुरा गर्न नेपालीहरू बाध्य भएका छन् ।

चामल, दाल चिनी, जिरा लगायतका खाद्यवस्तुको मुल्य अप्रत्यासित रुपमा आकासिदा गरिखाने वर्ग सबैभन्दा बढी मारमा परेका छन् । चाडपर्वको समयमा कतिपय व्यापारीहरूले सामान लुकाएर मुल्यवृद्धि गर्ने गरेको आरोप समेत लाग्ने गरेको छ ।

हरेक वर्ष चाडपर्व नजिकिएसँगै बजार भाउ आकासिने गरेको छ । चाडपर्वको मुखमा खाद्य सामग्रीहरूको मुल्य हुदा बिहान वेलुकी श्रम गर्नेहरू सबैभन्दा बढि पिडित बनेका छन् । चाडपर्वको बेला उपभोग्य बस्तुहरूमा मुल्यवृद्धि हुँदा जीवनशैली नै कष्टकर बनेको भन्दै गुनासो गर्नेहरू धेरै छन् ।

**महंगी बढेकोमा सांसदको आवाज**

प्रतिनिधि सभाको बैठकमा सांसदहरूले चाडबाडका मुखमा महंगी र कालोबजारीले चरम रुप लिएको भन्दै सरकारको ध्यानाकर्षण गराएका छन् । दशैं, तिहार र छठ जस्ता मुख्य पर्वको मुखमा महँगी शिखरमा पुग्दा सरकारले कुनै हस्तक्षेप गर्न नसकेको भन्दै सांसदहरूले सरकारप्रति आक्रोश व्यक्त गरेका हुन् ।

नेकपा एमालेका सांसद रघुजी पन्तले त कवितामार्फत नै सदनमा व्यङ्ग्य प्रहार गरे । एमालेकै सांसद मेनका कुमारी पोखरेलले महंगी र कालोबजारी पनि नियन्त्रण गर्न नसक्ने सरकार कसका लागि र के का लागि ? भनेर प्रश्न गरेकी थिइन् । 'अहिले सरकार कसका लागि र के का लागि भनेर प्रश्न उठिरहेको छ । बजारमा महंगी व्याप्त छ । यो देशमा सरकार कसका लागि बनेको छ ?,' पोखरेलले प्रश्न गरेकी थिइन् ।

सत्तारुढ दल नेकपा माओवादी केन्द्रकी सांसद बिमला सुवेदीले सोही विषयलाई लिएर सरकारलाई बजार अनुगमनका लागि आग्रह गरेकी थिइन् । सांसद सुवेदीले आग्रह गर्दै भनिन, 'बेलैमा सरकारलाई महंगीको अनुगमन र नियन्त्रण गर्न ध्यानाकर्षण गराउँछु ।'

एमाले सांसद भगवति चौधरीले सरकाले बजार अनुगमनमा कुनै चासो नदेखाएको आरोप लगाइन् । 'कालोबजारी र महंगीले बजार अस्तव्यस्त छ, बजारमा सामान छ, तर व्यवसायीले लुकाउन खोज्छ, त्यसको अनुगमन सरकारले गर्नुपर्ने, गरेको छैन,' सांसद चौधरीले भनिन् । माओवादी केन्द्रका सांसद माधव सापाकोटाले निर्माण व्यवसायीलाई सरकारले भुक्तानी नगर्दा तल्लो तहका कामदार र ज्यालादारवालाले ज्याला नपाएको भन्दै भुक्तानी गरिदिन सरकारलाई आग्रह गरेका छन् । 'दशैं लगायतका सांस्कृतिक पर्वले हामीलाई घेरिरहेको छ । आवश्यक ठेक्का प्रक्रिया पुरा गरेकालाई भुक्तान गरिदिन सरकारसमक्ष आग्रह गर्छु,' उनले भने ।

सांसद मैना कार्कीले चाडबाडका बेला कालोबजारी र विचौलियाबाट उपभोक्ताहरू ठगिने हुँदा यसमा सरकारको ध्यान पुग्नुपर्ने बताइन् । 'कालोबजारी, बिचौलियाबाट ठगिने जस्ता समस्याहरू आउँदै छन् । यसमा सरकारको ध्यानाकर्षण गराउन चाहान्छु,' सांसद कार्कीले भनिन् । सांसद रञ्जु झाले पनि

सरकारलाई प्रश्न गर्दै महंगीको ग्राफ उच्चतम गतिमा रहेकोले जनताले कसरी पर्व मनाउने भन्दै चिन्तासहित चासो प्रकट गरिन् । 'जनताले चाडबाड मनाउने बेला आएको छ । तर बजारमा महंगी चरम सीमामा छ । कालोबजारी बढेकोले जनताले कसरी चाडबाड मनाउन सक्छ ?,' सरकारलाई आग्रह गर्दै झाले भनिन्, 'बेलैमा सरकारको ध्यान जाओस् ।'

**सहुलियत पसल संचालनमा**

चाडवाडको अवसर पारेर असोज २१ गतेदेखि देशभरका विभिन्न ठाँउमा सुपथ मूल्य पसल संचालनमा आएको छ । सरकारले उद्योग, वाणिज्य, तथा आपूर्ति मन्त्रालयको मातहतका खाद्य व्यवस्था तथा व्यापार कम्पनी र साल्ट ट्रेडिङ कर्पोरेसन तथा कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतको दुग्ध विकास संस्थानको सहकार्यमा सहुलियत मूल्य पसल सञ्चालनमा ल्याएको हो ।

आगामी मंसिर ३ गतेसम्म संचालनमा हुने सहुलियत मूल्य पसलमा चामल, दाल, गहुँ, आटा, पिठो, मैदा, तेल, चिउरा, चिनी, नुन, घ्यू, पनिर लगायतका दैनिक उपभोग्य सामाग्री बजार मूल्यभन्दा सस्तो मूल्यमा सर्वसाधारण उपभोक्ताले खरिद गर्न पाउनेछन् । यस्तै कर्णालीको सिमी तथा गेडागुडीहरू, फापरको दाना, चिनो, कागुनो र उवा तथा जिउँदो खसी, बोका तथा च्याङ्ग्रामा छुट दिइएको छ ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी र साल्ट ट्रेडिङ्गको काठमाडौँ उपत्यकामा ३५ वटा स्थानमा बिक्री स्थल रहेको छ । त्यसमध्ये ८ वटा बिक्री केन्द्र र तीन वटा घुम्ती पसल समेत रहनेछ । त्यसैगरि ४२ जिल्लाका ४८ स्थानमा खाद्य व्यवस्था तथा व्यापार कम्पनीका सहुलियतपूर्ण स्टक रहनेछन् । थप अन्य जिल्ला र स्थानहरूमा पनि आवश्यकताका आधारमा सहुलियत पसल संचालन गरिने बताइएको छ ।

**बजार अनुमगन प्रभावकारी बनाउन सरकारलाई निर्देशन**

प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले, चाडपर्वको बेला उपभोग्य वस्तुको सहज आपूर्ति व्यवस्थापन गर्न सरकारलाई निर्देशन दिएको छ ।

समितिको बैठकको निर्णय सुनाउँदै, सभापति अब्दुल खांनले दशैँ, तिहार, छठलगायत चाडबाडमा हुनसक्ने कृत्रिम अभावलाई ध्यानमा राखेर अनुगमन प्रभावकारी बनाउन निर्देशन दिइएको जानकारी दिए । चाडबाड लक्षित सहूलियत मूल्य पसलको संख्या बढाउन, कर्णालीलगायत दुर्गम जिल्लामा खाद्य वस्तुको अभाव हुन नदिन र कालोबजारी, कृत्रिम अभाव लगायतका समस्या समाधान गर्न बजार अनुगमनलाई प्रभावकारी बनाउन निर्देशन दिइएको उनको भनाई छ । उनले भने ,'चाडबाडलाई लक्षित गरी सरकारले देशका विभिन्न स्थानमा सहुलियत मूल्य पसल स्थापना गर्ने निर्णय गरेकामा त्यो स्वागतयोग्य छ । यस्ता सहुलियत पसल थप विस्तार गरी सबै नागरिकमाझ उपभोग्य वस्तुको सहज आपूर्तिको व्यवस्था मिलाउन समिति मन्त्रालयलाई निर्देशन दिन्छ ।'

**विदेशबाट घर फर्कन पनि छैन उत्साह**

दशै भनेपछि छुट्टि मिलाएर घर फर्कन मरिहत्ते गर्ने प्रवासी नेपालीहरू यसपाली फर्कन खासै उत्साही देखिएका छैनन् । लामो समयसम्मको कोरोनाको त्रासबाट उन्मुक्ति पाएर सहजरुपमा काम गर्ने वातावरण भएकाले उनीहरू फर्कन इच्छुक नदेखिएका हुन् । उता कम्पनीहरू पनि पूर्ववतरुपमा सुचारु हुँदा विदा नमिल्ने अवस्थाका कारण यसबर्ष प्रवासमै चाडवाड मनाउने मनसाय धेरै नेपालीहरूले बनाएका हुन् ।

'कोरोना संक्रमणपछि लामो समय कामविहिन भएर बस्दा कमाईको बाटो नै बन्द भयो, अहिले अवस्था सामान्य भएको छ, यो बेला जतिसक्दो काम गरेर विगतको घाटा पुरा गर्ने सोच छ' कतारमा कार्यरत सिन्धुलीका उमेश बरालले भने -'अघिपछि मरिहत्ते गर्दा पनि दशैंमा घर जाने अवसर कहिल्यै जुरेन, अहिले काम राम्रो चलिरहेकाले घर जाने अवस्था नै छैन ।

चाडवाडको बेलामा हवाई टिकट पनि धेरै महंगो हुने गर्दछ । धेरैजसो दशैंको बेलामा स्वदेश जान खोज्दा टिकटको मुल्य बढ्ने गरेको छ । 'अरु बेला ३०/४० हजारमा पाउने टिकट दशैंको बेला एक लाखभन्दा बढि पुग्छ' मलेसियामा कार्यरत गोपाल कार्की भन्छन -'छुट्टी मिले पनि टिकट किन्नै सकिदैन अनि दशैमा कसरी घर जानु ।'

**प्रवासमा दशैंको छुट्टै रन्को**

दशैंको चहलपहलले परदेशमा पनि नेपालीहरूलाई छुने गरेको छ । खासगरी खाडी मुलुक तथा मलेसियामा कार्यरत नेपालीहरू सबैको छुट्टि नमिल्ने हुँदा आफ्नो काम र छुट्टीको समय मिलाएर एकै ठाउँमा जमघट भएर यो समय रमाइलो गर्ने, नाचगान गर्ने र टीका थाप्ने गर्छन । अग्रज र उमेरले पाकाहरूका हातबाट टीको थाप्ने प्रचलन विदेशमा पनि उत्तिकै छ । कतिपय ठाउँमा त विभिन्न संघसगठनले दशैंका अवसरमा खसी काट्ने, नेपालका ख्यातिप्राप्त कलाकारहरू लगेर सांस्कृतिक कार्यक्रम गर्ने र खानपिनको व्यवस्था गर्ने पनि गर्छन् ।

विदेशमा रहेका नेपाली नियोग प्रमुख तथा कतिपय संघसंस्थाका प्रमुखहरूले नै परदेशिएका नेपालीहरूलाई टीकोटालो गरी आशीर्वाद दिने गरेका छन् । युरोप-अमेरिका जस्ता विकसित देशमा राजदूताबासले नै दशैंको टीका कार्यक्रमको आयोजना समेत गर्ने गरेका छन् । टीकाकै दिनमा छुट्टि नमिलेका कतिपय नेपालीहरू अन्य छुट्टीको दिनमा भेला भएर पनि टीका लगाउने गर्दछन् ।





# नेपाल र रोमानियाबीच **श्रम सम्झौता**

यूरोपियन मुलुक रोमानियासँग कुटनीतिक सम्बन्ध स्थापना भएको ५५ वर्षपछि श्रम समझदारी भएको छ। वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित र व्यवस्थित बनाउने उद्देश्यका साथ दुई देशबीच श्रम समझदारी पत्रमा हस्ताक्षर भएको हो। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी र रोमानियाका श्रम तथा सामाजिक एकता मन्त्री सिमोना बुकुरा ओप्रेस्कुले उक्त द्विपक्षीय समझदारीपत्रमा हस्ताक्षर गरे।

नेपालको तर्फबाट श्रम मन्त्रालयका सचिव केवलप्रसाद भण्डारी, जर्मनीका लागि नेपाली राजदूत रामकाजी खड्का, रोमानियाका लागि अवैतनिक वाणिज्यदूत नवराज पोखरेल तथा रोमानियाका श्रमसँग सम्बन्धित विभिन्न निकायका उच्च तहका प्रतिनिधिहरूको सहभागीता रहेको जनाइएको छ।

द्विपक्षीय समझदारीमा हस्ताक्षरपछि श्रममन्त्री भण्डारीले नेपाली कामदारसँग सरोकारका विषयहरू र द्विपक्षीय श्रम समझादारीका आवश्यकता तथा प्रभावका बारेमा प्रष्ट्याएका थिए भने रोमानियाली पक्षले नेपाली कामदारको हक, हित तथा सुरक्षा कायम गर्ने प्रतिवद्धता व्यक्त गर्दै उल्लेख्य संख्यामा नेपाली कामदार माग रहेको र पारदर्शीरुपमा कामदारको छनौट तथा छोटो अवधिमा कामदार लाने प्रकृयामा समन्वय र सहकार्य गर्न चासो व्यक्त गरेका थिए। यूरोपेली मुलुक रोमानिया नेपाली श्रमिकहरूका लागि आकर्षित र सुरक्षित श्रम गन्तव्यको रुपमा रहेको छ। श्रम बजारको फराकिलो संभावना रहेको रोमानीयासँग कूटनीतिक सम्बन्ध कायम भएको ५५ वर्षपछि दुई देशबीच श्रम क्षेत्रमा समेत थप समझदारी कायम भएको छ।

सो अवसरमा नेपालमा छिट्टै रोमानियाको राजदूतावास स्थापना गरी आप्रवासी कामदारको माग प्रमाणीकरण, प्रवेशाज्ञा तथा श्रम स्वीकृतिका कार्यलाई थप सरलीकरण गर्न तथा रोमानियामा नेपाली श्रमिकहरूका लागि संभावित सिपयुक्त श्रम वजारको पहिचानका साथै महिला श्रमिकहरूलाई समेत लक्षित गरि सुरक्षित वैदेशिक रोजगारलाई संयोजन गर्ने जस्ता कार्यलाई प्राथमिकतामा राखी आपसी सहकार्य गर्ने चाहना रोमानियाली पक्षबाट प्रस्तुत भएको थियो।

यस्तै दोहोरो करार, आधारभूत अंग्रेजी भाषाको ज्ञान तथा व्यवसायिक सिप जस्ता विषयहरूमा आपसी समन्वय र सहकार्यबाट समाधान तथा व्यवस्थापन गर्न दुवै देशबीच सहमती कायम भएको पनि जानकारी दिइएको छ। सो अवसरमा नेपाली कामदारहरूको कार्य स्वभाव, इमान्दारीता, लगनशिलताले रोजगारदाताको विश्वास आर्जन गर्न सकेकोले नेपालबाट कामदार छोटो समयमा रोमानिया ल्याउने कानूनी प्रावधान तथा व्यवस्थापनका वारेमा पनि छलफल भएको जनाइएको छ।

कामदारको सामाजिक सुरक्षाको हकमा रोमानियामा कार्यरत रहेका कुनै पनि आप्रवासी कामदारहरूले रोमानियाका नागरिक सरह सामाजिक सुरक्षाको उपभोग गर्न पाउने व्यवस्था रहेको जानकारी गराउदै दुबै पक्षले श्रमसँग सम्बन्धित निकायबीच समन्वय र सहकार्य गरी द्विपक्षीय श्रम समझदारीको प्रभावकारी कार्यान्वयन गर्न प्रतिवद्धता जनाएका छन्।




# नेपालमा उच्च गतिमा अर्थतन्त्र विस्तारको सम्भावना छ : विश्व बैंक

## आगामी वर्ष नेपालको आर्थिक वृद्धिदर ३.९ प्रतिशतमै सीमित हुने प्रक्षेपण




विश्व बैंकले आगामी दिनमा नेपालको आर्थिक बिस्तार उच्च गतिमा हुने सम्भावना रहेको बताएको छ । काठमाडौंमा दक्षिण एसियाली विकास अपडेट र नेपाल विकास अपडेट २०२३ सार्वजनिक गर्दै विश्व बैंकले यस्तो बताएको हो । सन् २०२४ मा नेपालको आर्थिक वृद्धिदर ३.९ प्रतिशत हुने प्रक्षेपण गरेको विश्व बैंकले आगामी दिनमा यो वृद्धिदर उच्च गतिमा हुने बताएको हो ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) र काठमाडौं विश्वविद्यालयसँग सहकार्य गर्दै विश्व बैंकले दक्षिण एसियाली विकास अपडेट र नेपाल विकास अपडेट प्रतिवेदन सार्वजनिक गरेको हो । विश्व बैंकले ६-६ महिनामा यस्तो प्रतिवेदन सार्वजनिक गर्ने गरेको छ । आयात प्रतिबन्ध हटाइनु, पर्यटनमा फर्कंदो उत्साह र मौद्रिक नीतिमा क्रमशः गरिएको खुकुलोपनलगायत कारण नेपालको अर्थतन्त्रमा सुधार आउने विश्व बैंकको प्रक्षेपण छ । सन २०२५ मा नेपालको अर्थतन्त्र ५ प्रतिशतले बिस्तार हुने विश्व बैंकको अनुमान छ । बिश्व बैंकका माल्दिभ्स, नेपाल र श्रीलंका हेर्ने कन्ट्री डाइरेक्टर फेरिस हदाद जेर्वोसले आगामी वर्षहरूमा आर्थिक वृद्धि हुदै जाने बताए । उनले नेपालमा उच्च आर्थिक सम्भावना रहेको र नेपाल अति कम विकसित मुलुकबाट स्तरोन्नती हुन लागेकोमा खुसी समेत व्यक्त गरे । विश्व बैंकले विश्वसनीय तथ्यांकका आधारमा प्रतिवेदन तयार पारेको समेत उनले जानकारी दिए ।

विश्व बैंकको दक्षिण एसियाली क्षेत्र हेर्ने प्रमुख अर्थशास्त्री फ्रान्जिस्के ला ओनसोर्जले दक्षिण एसियाली विकास अपडेट सार्वजनिक गर्दै दक्षिण एसियामा पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि, जलवायु परिवर्तन, चीनमा देखिएको मन्दी, प्राकृतिक प्रकोपका कारण मानिसहरू प्रभावित हुनु, आयात र निर्यातमा गरिएको प्रतिबन्ध, नयाँ विदेशी मुद्रामा लगाइएको प्रतिवन्धजस्ता कारण अर्थतन्त्रमा चुनौती थपिएको बताइन् । बिश्व बजारको उत्पादन र सेवाले समेत असर पारिरहेको उनको भनाई छ ।

त्यसैगरि दक्षिण एसियाका अधिकांश देशमा निजी लगानीको कमजोर अवस्था रहेको भन्दै उनले वित्तीय चूनौती बढ्दै गएको बताइन् । उच्च ऋृण न्युन आयको समस्या रहेको भन्दै उनले वित्तीय नीतीहरू धेरै बाध्यकारी हुन नसकेको समेत बताइन् । बिश्व बैंकका अर्थशास्त्री नयन कृष्ण जोसीले नेपाल अपडेटबारे प्रस्तुतीकरण दिंदै नेपालले ऊर्जा क्षेत्रमा राम्रो प्रगति गरिरहेको बताए ।

गतवर्ष प्रसारण प्रणालीमा ५०० मेगावाट विद्युत थपिएको र नेपालले भारतमा विद्युत निर्यात गरिरहेको उनले जानकारी दिए । उनले बंगलादेशमा समेत निर्यातको तयारी भइरहेको बताए । यसले अर्थतन्त्र विकासमा ठूलो सहयोग पुग्ने उनको भनाई छ । उनका अनुसार थोक र खुद्रा व्यापारमा आएको सुस्तता कारण सन् २०२३ मा सेवा क्षेत्रको वृद्धिको गतिलाई सुस्त बनाएको छ । त्यस्तै सन् २०२३ मा औसतः उपभोक्ता मूल्य सात वर्ष यताकै उच्च बिन्दुमा पुगेको भन्दै उनले कम आयात र उच्च रेमिट्यान्सका कारण चालु खाता घाटा ६ वर्ष यताकै न्युनस्तरमा रहेको समेत उल्लेख गरे ।

उनले नेपालमा अनिश्चित रुपमा हुने वर्षाले कृषि उत्पादनमा प्रभाव पार्न सक्ने, भारतले चामल लगायत खाद्यान्न निर्यातको लगाएको प्रतिबन्धका कारण मूल्यवृद्धि बढ्न सक्ने समेत बताए । यसले पुनः चालु खाता घाटा बढ्न सक्ने उनको भनाई छ । उनले वस्तु तथा सेवाको निर्यात निरन्तर रुपमा घटिरहेको समेत बताए । नेपालले आन्तरिक उत्पादनमा वृद्धिमा जोड दिनुका साथै वैदेशिक आकर्षण गर्न आफ्ना नीति परिवर्तन गर्नुपर्ने सुझाव उनले दिए । सोही कार्यक्रमको दौरानमा उत्पादकत्व, एक्सचेन्ज रेट र निर्यातका सम्बन्धमा भएको प्यानल डिस्कसनमा राष्ट्रिय योजना आयोगका सदस्य डा. रमेश चन्द्र पौडलले नेपाली विद्यालय शिक्षालाई उत्पादकत्वसँग समन्वय नै गर्न नसकेको बताए । सोहीकारण नेपालको शिक्षा प्रणालीलाई परिमार्जन गर्नुपर्ने उनको तर्क छ । 'यो शिक्षा प्रणाली रिमोडलिङ गर्ने उपयुक्त समय हो, प्राविधिक र व्यवसायिक शिक्षामा जोड दिनुपर्छ' उनले भने, 'हामीले युरोप र गल्फ कन्ट्रीहरूका लागि मात्र जनशक्ति तयार पारिरहेका छौं ।'

छलफलमा लक्ष्मी सनराइज बैंककी प्रमुख बिजनेस अफिसर आरती राज्य लक्ष्मी रानाले आयात वृद्धि नहुनु र रेमिट्यान्स बढ्नु अर्थतन्त्रका लागि सकारात्मक भएको बताइन् । जलविद्युत क्षेत्रमा नेपाललको प्रगति राम्रो भएको भन्दै उनले नेपालले भारतमा चालु वर्षमा मात्र ५ अर्ब ४३ करोड रुपैयाँभन्दा बढीको बिजुली बेचेको प्रसंग निकालिन् । नेपालले गतवर्ष करिब ११ अर्ब १६ करोड रुपैयाँको बिजुली बेचेको थियो । उनले केन्द्रिय बैंकको नीति अनुसार बैंकहरूले १० प्रतिशत जलविद्युतमा लगानी गरेको समेत जानकारी दिइन् । भारतले १० वर्षमा १० हजार मेगावाट बिजुली किन्ने घोषणा गरेको भन्दै उनले यसले नेपालको आर्थिक विकासका लागि सहयोग पूऱ्याउने बताइन् ।

स्वीजरल्याण्ड राजदूतावासकी कार्यक्रम म्यानेजर दोरोथी लोड्सचेरले नेपालको आर्थिक विकासका लागि प्राविधिक र व्यवसायिक शिक्षामा जोड दिनुपर्ने बताइन् । उनका अनुसार नेपाली शिक्षित युवाहरू रोजगारी र अवसरको खोजीमा भारतलगायत देशहरूमा जाने गरेका छन । नेपालले आफ्नो बजारलाई आवश्यक जनशक्ति उत्पादन गर्न सक्नु पर्ने उनले बताइन् । शिक्षित युवाहरूलाई स्वदेशमै राख्न उनले सुझाव दिएकी छिन् । जनशक्ति आर्थिक विकासको सम्वाहक भएको समेत उनको भनाई छ । साउथ एसिया वाच अन ट्रेडका कार्यकारी निर्देशक डा. पारस खरेलले उत्पादनमुखी क्षेत्रको प्रवर्द्धन गरेर निर्यातमा जोड दिनुपर्ने बताए । नेपाली अर्थतन्त्र रेमिट्यान्समा निर्भर रहेको भन्दै उनले उत्पादनमा जोड दिनुपर्ने धारणा राखे । अर्थशास्त्री तथा अर्थमन्त्रालयका आर्थिक सल्लाहकार डा.पोषराज पाण्डेले बजेटमार्फत सरकारले उत्पादनलाई बढुवा दिनुका साथै डिजिटल अर्थतन्त्रलाई सहजीकरण गरेको बताए । भुपरिवेष्ठित मुलुक भएका कारण सामान आयात र निर्यात महँगो पर्ने गरेको उनको भनाई छ । नेपाल स्तरोन्नतीको चरणमा रहेको बेला दातृ निकायबाट बढी सहयोगको अपेक्षा गर्ने समेत उनले बताए ।

काठमाडौं विश्व विद्यालयका उपकुलपति डा. भोला थापाले हरित ऊर्जामा ध्यान दिनुपर्ने बताए । काठमाडौं विश्वविद्यालयले सरकार र विकास साझेदारहरूसँगको सहकार्यमा हाइड्रोजनको अध्ययन गरिरहेको उनले जानकारी दिए । विश्व विद्यालयमा ल्याव समेत स्थापना गरेको जानकारी दिदै उनले ग्रीन हाइड्रोजन उत्पादन गरेर निर्यात गर्न सकिने बताए ।

# अर्थमन्त्री डा. महतद्वारा सहुलियतपूर्ण वित्तीय सहायता आह्वान




अर्थमन्त्री डा. प्रकाशशरण महतले नेपालजस्तो अल्पविकसित मुलुकको विकासका लागि सहुलियतपूर्ण वित्तीय सहायताको आह्वान गरेका छन् ।

इजिप्टको शार्म अल शेखमा आयोजित एसियाली पूर्वाधार लगानी बैंकको बोर्ड अफ गभर्नर्सको आठौं बैठकमा गभर्नरहरूको बिजिनेश राउण्ड टेबलमा प्रमुख वक्ताको रूपमा सम्बोधन गर्दै उनले नेपाल जस्ता अल्पविकसित मुलुकको लागि सहुलियतपूर्ण वित्तीय सहायताले ठूलो अर्थ राख्ने भन्दै सहुलियतपूर्ण संयन्त्रको व्यवस्थाका लागि नेपालले राखेको प्रस्तावमा सहमति जनाउन सबै सदस्य राष्ट्रलाई आह्वान गरेका हुन् ।

उनले विश्व अर्थतन्त्रको स्थिरता, शून्य कार्बन उत्सर्जनतर्फको यात्रामा तीव्रता र निम्न तथा मध्यम आय भएका मुलुकको आर्थिक विकास, गरिबी निवारण एवम् नागरिकको गुणस्तरयुक्त जीवनका लागि वित्तीय स्रोतमा पहुँच प्रमुख तीन चुनौती रहेको बताए ।

उनले विकासशील सदस्य राष्ट्रका पूर्वाधार विकासका लागि हाल प्रचलित वित्तीय सहायता संयन्त्र एवम् उपकरण पर्याप्त नभएको भन्दै सो क्षेत्रमा नवप्रवर्तनको आवश्यकता रहेको बताए ।

उनले खासगरी विकासशील मुलुकका लागि वित्तीय साधन स्रोतको अभाव हुन नदिनका लागि बैंकले सार्वजनिक निजी साझेदारी, हरित बण्ड, सम्मिश्रित वित्त लगायतका नवीन तथा सिर्जनशील उपकरणको उपयोग गर्नुपर्ने आवश्यकता रहेको तर्फ पनि विशेष जोड दिएका छन् ।

एआइआएबीको आठौं वार्षिक बैठकको अवसरमा आयोजित जलवायु परिवर्तनबाट सृजित समस्या सम्बोधनको उच्च आकांक्षा र सोका लागि अपेक्षित जलवायु वित्त परिचालन सम्बन्धी छलफलमा समेत अर्थमन्त्री महत प्यानेलिष्ट वक्ताको रूपमा सहभागी भएका थिए ।

यस्तै, उनले जलवायु परिवर्तनको समस्या सृजनामा खासै भूमिका नरहेका नेपालजस्ता विकासशील मुलुकको चुनौती सामनाका लागि बढी कार्बन उत्सर्जन गर्ने विकसित एवम् ठूला अर्थतन्त्रले जलवायु परिवर्तनको समस्या सम्बोधनका सम्बन्धमा गरेका प्रतिवद्धता पूर्ण रूपमा पालना गर्नुपर्ने बताए ।






## २० वर्षमा एनआरएनए

# शाख जोगाउनै सकस

विश्वभर छरिएर रहेका नेपालीलाई एउटै मालामा समेट्नका लागि सन् २००३ मा 'नेपालीका लागि नेपाली' भन्ने मूल मन्त्रका साथ शुरु भएको गैरआवासीय नेपाली संघ (एनआरएनए)ले स्थापनाको २० वर्ष पूरा गरेको छ।

एनआरएनएले २० बर्ष पुगेको अवसरमा आफ्नो ११ औं महाधिबेशन तथा विश्व सम्मेलन अक्टोवरको अन्त्यमा काठमाडौंमा आयोजना गर्दैछ। डा. उपेन्द्र महतोसहितका केही अगुवाहरूले रसियाबाट शुरु गरेको एनआरएन अभियानले दुई दशकको यस अवधिसम्म आइपुग्दा नेपालीहरूको उपस्थिति भएका ८७ मुलुकमा आफ्नो सञ्जाल विस्तार गरिसकेको छ।

विदेशमा छरिएर रहेका गैरआवासीय नेपालीहरूलाई संघले एकैसुत्रमा बाँधेर राष्ट्र निमार्णको साझेदार मात्र होइन हरेक नेपालीको सुख र दुःखमा हातेमालो गर्दै आएको छ। एनआरएनए सचिवालयले जानकारी गराए अनुसार एनआरएनएमा विश्वभरबाट ९६ हजार ८ सय ५० पन्जिकृत सदस्य आबद्ध भएका छन्। विश्वभर आफ्नो सञ्जाल विस्तार गरिरहेको एनआरएन अभियानमा केही उपलब्धीसँगै केही बिकृति पनि भित्रिरहेको छ। पवित्र उद्धेश्यले शुरु भएको एनआरएन अभियान जति ठूलो र बिस्तारित हुँदै गयो त्यति नै बिकृतिहरू पनि मौलाउँदै जान थाले।

एनआरएनएले आफ्नो २० बर्षे यात्रामा धेरै उपलब्धी हाँसिल गरेको बताएको छ। विदेशमा रहेका पहिलो पुस्ता मात्रै नभई दोस्रो पुस्ताका गैरआवासीय नेपालीहरूमा समेत मातृभूमिप्रतिको अपनत्व महसुस गराउन सक्नु एनआरएनएको उपलब्धी मानिएको छ। त्यसैगरी विदेशमा रहेका सबै गैरआवासीय नेपालीले नेपालको समृद्धिमा क्षमता अनुसारको भूमिका निर्वाह गरेर समृद्ध नेपाल निर्माणका लागि सहकार्य गरिरहेका छन्। एनआरएनले देखेको समृद्ध नेपालको सपना बिस्तारै साकार हुने दिशामा अगाडि बढ्नुलाई एनआरएनएले सफलता मानेको छ।

एनआरएनएले स्थापनाकालदेखि नेपाल सरकारसँग उठाउँदै आएको नेपाली नागरिकताको निरन्तरताको विषय संवोधन भएको छ भने बैदेशिक रोजगारी र बिदेशमा स्वरोजगारमा रहेका नेपालीको लागि सरकारले सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन सुरु गरिसकेको छ। यस्तै नेपालमा लगानी भित्र्याउन विद्यमान कानूनी व्यवधानहरू सम्बोधन हुने क्रममा रहेको छ। नेपाली जनता र नेपाल सरकारले गैरआवासीय नेपालीलाई पनि देश निर्माणको सहयात्रीको रुपमा अघि सारेकोमा एनआरएनएले गौरव मानेको छ।

एनआरएनएले आफ्नो २० बर्षे यात्रामा सामाजिक कार्यहरू पनि धेरै गरिरहेको छ। महाभूकम्पमा होस् या बाढिपहिरो, कोरोना महामारी तथा अन्य विपतमा एनआरएनएले आर्थिक, भौतिक तथा नैतिक सहयोग पुऱ्याउँदै आइरहेको छ। 'जहाँ नेपाली त्यहाँ एनआरएनए' भन्ने नारा सार्थक सावित भएको अवस्था छ। एनआरएन अभियान भनेको नेपाल बाहिरको नेपाल भन्ने नजिर स्थापना भैसकेको छ।

एनआरएनएले आफ्नो दुई दशकको यात्रा तय गर्दै गर्दा धेरै अप्ठ्याराहरू पनि सामना गरेको छ। यसै सन्दर्भमा एनआरएनएको पछिल्लो पटक सम्पन्न १० औं महाधिवेशनलाई सबै एनआरएनहरू विर्सन चाहन्छन्। २० बर्षमा एनआरएनएले कमाएको शाखलाई १० औं महाधिबेशनले गिरायो। एउटै मालामा रहेको एनआरएनएबाट असन्तुष्ट समुह बाहिर निस्किएर समानान्तर एनआरएनए बनाउन पुगे। एनआरएनएभित्रको राजनीतिक चलखेलले गर्दा संस्थाको इज्जत धुमिल बन्न पुग्यो।

यसै सन्दर्भमा गैरआवासीय नेपाली संघको ११ औं अन्तर्राष्ट्रिय महाधिवेशन आगामी असोज ३० गतेदेखि कार्तिक ३ गतेसम्म (१७ अक्टोबर-२० अक्टोबर, २०२३) काठमाडौंमा आयोजना हुँदैछ। संघको आयोजनामा विज्ञ तथा युवा सम्मेलनसमेत हुने जनाइएको छ। महाधिवेशनमार्फत २०२३-२५ कार्यकालका लागि नयाँ नेतृत्व समेत चयन हुने हुँदा ११ औं महाधिबेशनलाई निकै अर्थपुर्णरुपमा हेरिएको छ। एनआरएनए अभियानबाट असन्तुष्ट रहेकालाई पनि एउटै मालामा गास्नका लागि ११ औं महाधिबेशन एकताको महाधिबेशन बन्न आवश्यक छ। टुटेका मनहरूलाई एउटै थलोमा ल्याएर एउटै एनआरएनए बनाउदै एकपटक विग्रिएको छवीलाई पहिलाकै अवस्थामा फर्काउन जरुरी छ।

**एनआरएनएमा राजनीति हाबी**

गैरआवासीय नेपाली संघको ११ औं महाधिबेशन तथा नयाँ नेतृत्व चयनको निर्वाचन नजिकिदै जाँदा अहिले चुनावी सरगर्मी बढेको छ। तर, त्यो सरगर्मीलाई पनि विर्साउदै एनआरएनए चुनाव लक्षित गरेर राजनैतिक दलको हस्तक्षेप भित्रभित्रै देखिन थालेको छ।

१० औं महाधिबेशनमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी लगायतका राजनैतिक दलहरूले आफ्नो समूहका उम्मेदवारलाई जिताउन निर्देशन र परिपत्रसहित भित्रीरुपमा लागेपछि अन्ततः निर्वाचन नै हुन







सकेको थिएन ।

संसारभर छरिएर रहेका नेपालीहरूको साझा संस्थाकोरुपमा रहेको गैरआवासीय नेपाली संघ विशुद्ध गैरराजनैतिक र सामाजिक संस्था हो । तथापी यो संस्थामा विगतदेखिनै राजनैतिक दाउपेजको चलखेल नभएको भने होइन । तर, १० औं महाधिबेशनदेखि भने प्रष्टसँगै देखिने गरी राजनैतिक दलले आफ्नो समूहको उम्मेदवार जिताउन अपिलसहित आफ्ना नेताहरूलाई जिम्मेवारी नै दिएपछि यो सर्बत्र वहसको विषय बन्यो । लाखौ नेपालीको साझा संस्था तथा गैरराजनैतिक संस्थामा राजनैतिक दलहरूले खुलेर निर्देशन नै जारी गर्नु लाजमर्दो विषय भएको आम गैरआवासीय नेपालीहरूको टिप्पणी छ ।

त्यसो त यसअघि गैरआवासीय नेपाली संघको नवौ विश्वसम्मेलनमै संघभित्र चरम राजनीतिकरण भएको भन्दै संस्थापक अध्यक्ष तथा प्रमुख संरक्षक डा. उपेन्द्र महतोले सम्मेलन नै बहिष्कार गरेका थिए । विश्वभर छरिएर रहेका नेपालीहरूको साझा संगठनलाई कुनै पार्टीको भातृ संगठन जस्तो बनाउन नहुने उनको तर्क छ ।

संघका संस्थापक सचिव भीम उदास संघभित्र राजनीति हावी हुदै जानु दुर्भाग्यपूर्ण भएको भन्दै परराष्ट्र मन्त्रालयमा दर्ता भएको संस्था भएकाले सरकारसँग समन्वय गर्ने र दलहरूसँग जोडिएका मुद्धामा मिलेर काम गर्ने भएपनि संघभित्र राजनीतिक हस्तक्षेप गर्न नहुने धारणा राख्छन् ।

सुरु सुरुमा एनआरएनएको जुन किसिमको प्रतिष्ठा थियो पछिल्लो समय राजनैतिक हस्तक्षेपकै कारण गिर्दो अवस्थामा पुगेको छ । उतिबेला एनआरएनए संस्थालाई सम्मान गर्ने राजनैतिक दलहरू अहिले उम्मेदवार छनोटदेखि निर्देशन दिनेसम्मको हैसियदमा पुग्नु भनेको कतै यो संस्था राजनैतिक दलको भातृसंगठन बन्नतर्फ उन्मुख हुदै गएको त होइन भनेर एनआरएनबृतमा नै टिप्पणी हुन थालेको छ ।

एनआरएनएमा राजनीति छिराउन नहुने भनेर चर्को बहस चलिरहदा नेतृत्व हत्याउने नाममा राजनैतिक दलको नै शरणमा पर्ने एनआरएनएका अगुवाहरूको शैली अझै परिवर्तन हुन सकेको छैन । यसले संसारभर रहेका एनआरएन बृतमा तरंग पैदा गरेको छ । एनआरएनएको गिर्दै गरेको शाखलाई जोगाउनेकी अझै घटाउँदै लैजाने एनआरएनएको नेतृत्वमा रहेका र नेतृत्वमा आउने आकांक्षा लिएकाहरूको हातमा छ ।

**एनआरएनए निर्वाचन : अध्यक्षसहित सबै पदमा प्रतिष्पर्धा**

एनआरएनएको ११ औ विश्वसम्मेलन तथा महाधिवेशनमार्फत आगामी कार्यकालका लागि अध्यक्ष पदसहित अधिकांश पदमा तीव्र प्रतिष्पर्धा हुने भएको छ । एनआरएनएको नेतृत्वमा पुग्ने आकांक्षा धेरैमा हुँदा आगामी कार्यकालका लागि चुनावी सरगर्मी बढ्न थालेको हो ।

अहिलेसम्म अध्यक्ष पदका लागि वर्तमान कार्यसमितिमा कार्यकारी अध्यक्षको जिम्मेवारीमा रहेका डा.बद्री केसी, कार्यसमिति अध्यक्षको जिम्मेवारी निर्वाह गरिसकेकी रविना थापा, सक्रिय उपाध्यक्षद्धय आर.के शर्मा र महेश श्रेष्ठ तथा उपमहासचिवको जिम्मेवारीमा रहेका विनय अधिकारीले अध्यक्षमा उम्मेदवारी दिने औपचारिक घोषणा गरिसकेका छन् ।

यद्यपी एनआरएनबृतमा केसी, शर्मा र श्रेष्ठबीच प्रतिष्पर्धात्मक त्रिपक्षिय भिडन्त हुने आंकलन छ । एनआरएनएको विधानले प्यानल बनाएर निर्वाचन लड्न बन्देज लगाए पनि केसी, शर्मा र श्रेष्ठले लगभग प्यानलसहित उम्मेदवारी घोषणा गरिसकेका छन् । जसका लागि तिनै जना प्रतिष्पर्धीहरू आ-आफ्नो पक्षमा माहौल तयार गर्न र समिकरण बनाउन आन्तरिक तथा विदेश दौडाहलाई तीव्र बनाएर मैदानमा होमिएका छन् ।

अध्यक्षका तीनैजना प्रतिष्पर्धीहरूले आफुहरू राजनैतिक नभई बिचार र एजेण्डाको हिसावमा अगाडि बढेको बताउदै आएका छन । उनीहरूले उम्मेदवार चयनमा पनि मिश्रित विचारधाराका उम्मेदवारहरूको समिकरणलाई प्राथमिकता दिदा प्रतिष्पर्धा झन चर्को बन्दै गएको छ ।

अघिल्लो कार्यकाल विवाद मिलाउन बहुअध्यक्षीय प्रणाली हुँदा काम गरेर देखाउन नसकिएको बताउदै डा. केसीले आफुले अघिल्लो अधिवेशनमा अघि सारेका एजेण्डा पुरा गर्न र एनआरएनएमा काम गरेर देखाउन यस पटक अध्यक्षको उम्मेदवारी दिने निर्णयमा पुगेको बताए ।

जुम मार्फत औपचारिकरुपमा उम्मेदवारी घोषणा गरेका केसीले ९ बुँदे प्रतिवद्धतासहित आगामी कार्यकालका लागि अध्यक्षमा उम्मेदवारी घोषणा गरेका हुन । गैरआवासीय



नेपाली संघको अभियानमा स्थापनाकालदेखि निरन्तर सक्रिय भएर लागेको बताउँदै उनले आगामी कार्यकालका लागि निर्वाचित अध्यक्ष भएर अधुरा काम तथा एजेण्डाहरू पुरा गर्ने प्रतिवद्धता जनाएका छन् ।

यस्तै अध्यक्षका उम्मेदवारसमेत रहेका वर्तमान उपाध्यक्ष आरके शर्माले कर्मभूमी कतारमा आफ्नो उम्मेदवारी घोषणा गर्दै २४ महिना २४ बाचा सार्वजनिक गरेका छन् । एनआरएनएलाई धनाढयको मात्र संस्था भएको भ्रम तोड्न पनि यसपाली नेतृत्व मध्यपूर्वले पाउनुपर्ने दावी शर्माको छ । 'एनआरएनए प्रवासमा रहेका सबै नेपालीको साझा अपनत्व हुने संस्था हो भन्ने चिनाउन र श्रमिकहरू पनि यसको नेतृत्वमा पुग्न सक्छन भन्ने नजिर स्थापना गर्न आवश्यक छ' शर्माको भनाई छ ।

'सबैभन्दा बढी नेपालीहरू रहेको र रसियापछि दोश्रो एनसीसीको संजाल विस्तार भएको देश कतार भएकाले पनि यसपाली नेतृत्वमा मध्यपूर्वको दावी स्वभाविक छ' शर्मा भन्छन 'श्रमिकको प्रतिनिधीत्व गर्दै विश्वभरका नेपालीको एजेण्डा बोकेर मैले अध्यक्षमा उम्मेदवारी दिने निर्णय गरेको हुँ ।'

यस्तै अध्यक्षका अर्का उम्मेदवार महेश श्रेष्ठले दशौ अधिवेशनबाट गुमेको एनआरएनएको शाख पुनःस्थापना गर्न र सहमती, सहकार्य तथा एकताको बाटोमा संस्थालाई अगाडि बढाउन आफु नेतृत्वमा आउन खोजेको बताएका छन् । उनले पनि पाँच नीतिगत योजनासहितको प्रतिबद्धता पत्र सार्वजनिक गर्दै अध्यक्षमा औपचारिक उम्मेदवारी घोषणा गरेका छन ।

संघको आगामी कार्यकालका लागि उपाध्यक्ष पदमा झन चर्को प्रतिषर्धा हुने देखिएको छ । अघिल्लो कार्यसमितिमा विवाद मिलाउनका लागि ११ जना उपाध्यक्षको व्यवस्था गरिएपनि अब भने संघको विधान अनुसार १ महिला र १ युवासहित ८ जना उपाध्यक्षका लागि प्रतिषर्धा हुनेछ ।

वर्तमान कार्यसमितिमा रहेका केहि उपाध्यक्षले आगामी कार्यकालमा पनि सोही पद दोहोऱ्याउने बताइहँदा अन्य पदीय जिम्मेवारी निभाइसकेकाहरूको पनि यस पदमा आकांक्षा बढेसँगै उपाध्यक्ष पदका लागि पनि ठुलो प्रतिषर्धा हुने देखिएको हो ।

कतारबाट वर्तमान युवा उपाध्यक्ष राज रेग्मीले उपाध्यक्ष पदमा उम्मेदवारी दिने भएका छन् । एनआरएनएमा युवा सहभागिता र उद्यमशिलता बढाउने लक्ष्यसहित रेग्मीले उपाध्यक्ष पदमा उम्मेदवारी दिने घोषणा गरेका हुन । यस्तै उपमहासचिव गणेश के.सी.ले पनि उपाध्यक्ष पदमा उम्मेदवारी दिने घोषणा गरेका छन । वर्तमान आइसीसी सचिव खगेन्द्र न्यौपानेले श्रमिकमैत्री र लगानीमैत्री एनआरएनए बनाउनका लागि आइसीसी उपाध्यक्षमा उम्मेदवारी दिने निर्णयमा पुगेको बताएका छन् । उपाध्यक्षमा नै जापानका आइसीसी सदस्य रविन शेरचनले पनि उम्मेदवारी घोषणा गरेका छन् ।

यस्तै उपाध्यक्ष पदमा वर्तमान कार्यसमितिमा महासचिव पदमा रहेका डा. केशव पौडेलले पनि आफ्नो उम्मेदवारी घोषणा गरेका छन । वर्तमान उपाध्यक्ष अष्ट्रेलियाका धर्मराज अधिकारी, रोविन्दप्रसाद श्रेष्ठ (गोविन्द) र डा. हेमराज शर्मा पुनः उपाध्यक्षमै दोहोरिने भएका छन ।

एनआरएनएको महिला उपाध्यक्षमा साउदीबाट एसमिन बेगम सैयद र यूकेबाट रोजिना राई प्रधानको उम्मेदवारी आएको छ । महासचिव पदमा वर्तमान महासचिव गौरीराज जोशी र अमेरिकाकै बुद्धि सुवेदीले उम्मेदवारी घोषणा गरेका छन् । अन्य पदमा पनि आवश्यकभन्दा बढि उम्मेदवारी पर्ने देखिएकाले चर्को प्रतिषर्धा हुने देखिएको छ ।

# व्यक्तिगत स्वार्थभन्दा माथि एनआरएनए अभियान



**डा.उपेन्द्र महतो,** संस्थापक अध्यक्ष, एनआरएनए

गैरआवासीय नेपाली संघ (एनआरएनए) स्थापना गर्नुको मुख्य तीन उद्देश्य थिए । पहिलो, विश्वका धेरै देशमा ठूलो संख्यामा नेपाली पुगिसकेका थिए । तर, एकअर्कामा चिनजान थिएन । विश्वव्यापीरूपमा चिनजानका लागि कुनै पनि माध्यमनै थिएन । त्यसैले एकअर्काबीच चिनजान हुने प्लेटफर्म निर्माण गरिएको हो ।

दोस्रो, विदेश बस्ने नेपालीलाई विभिन्न देशमा विभिन्न समस्या छन् । खाडी देश हुन् वा युरोप, अमेरिका नै किन नहोस्, जुनसुकै देश बस्ने नेपालीलाई कुनै न कुनै समस्या छन् । विश्वभरि रहेका नेपालीलाई एकीकृत गरेर देखिएका समस्यामा आवाज उठाएर अन्तर्राष्ट्रियकरण गर्न साझा संस्थाका रूपमा एनआरएनए निर्माण गरिएको हो ।

तेस्रो, विदेशमा नेपालीहरू रोजगारी गरेर वा व्यापार-व्यवसाय गरेर राम्रैसँग जीविका चलाइरहेका थिए र छन् । तर, विदेशमा रहेका नेपालीले अन्य कुनै पनि देशको नागरिकता लिए पनि पुर्ख्यौली थलो कहाँ हो र पुरानो घर कहाँ हो भनेर सोधेकै हुन्छ । देशको माया जसलाई पनि हुन्छ । जुनसुकै स्तरको कमाइ भएका नेपालीलाई विदेश जाँदा विमानस्थलमा पासपोर्टकै आधारमा अनेकौं प्रश्न सोधेर दुःख दिने र अपमानजनक व्यवहार बेहोर्नु'पर्ने अवस्था छ । देश जबसम्म समृद्ध हुँदैन, तबसम्म यस्तो व्यवहार सहनुपर्छ । आफ्नो महत्व बढाउन देशलाई समृद्ध बनाउनुपर्छ । विदेशमा कमाएको केही पुँजी र सिकेका सीपलाई सामूहिकरूपमा देशको समृद्धिका लागि लगानी गर्न'पर्छ भन्ने भाव एकीकृत गर्ने 'प्लेटफर्म' अभाव खड्किरहेका बेला एनआरएन अभियान सुरू भएको हो ।

दुई दशकको अभियानमा चाहेजस्तो सफलता भयो कि भएन भनेर प्रश्नहरू उठ्नु जायज छ । तर, यस अवधिमा एनआरएनएलाई यहाँसम्म ल्याउन संस्थापकको हैसियतले दुई दशकसम्म धेरै मिहिनेत गरेको छु । धेरैको आलोचना र समर्थनबीच अहिले एनआरएनएको सञ्जाल विश्वव्यापी भइसकेको छ ।

हरेक देशमा एनआरएनए अभियानका बारेमा 'कन्भिन्स' गराउँदै हिँड्दा पैसामात्र होइन समय पनि धेरै खर्च भएको छ । स-साना बालबालिका छाडेर एनआरएनए अभियानमा हिँड्दाको दिन साँच्चिकै कष्टप्रद थियो । तर, सुरुमा कल्पना गरेअनुसार संस्था अघि बढ्दा सन्तोष मिल्छ । यद्यपि, अझै राम्रो गर्ने ठाउँ छ । अहिले हरेक देशमा नेपालीलाई सहजै चिन्न सकिने भएको छ भने कुनै पनि देशमा नेपालीलाई समस्या परे तत्कालै आफ्नो आवाज उठाउने संस्थाका रूपमा एनआरएनए अगाडि बढेको छ । र, व्यक्तिगतरूपमा विदेश बस्ने नेपालीले नेपालमा केही न केही लगानी गरिरहनुका पछाडि एनआरएनए अभियानकै हात छ । व्यक्तिगत स्वार्थभन्दा माथि एनआरएनए अभियान छ र हुनुपर्छ । एनआरएनए अभियान शुरु भएको २० औ बर्षको उपलक्ष्यमा आम गैरआवासीय नेपालीहरूलाई हार्दिक बधाई दिन चाहन्छु ।


हार्दिक शुभकामना
विजयादशमी २०८०को पावन अवसरमा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना ।
कुसाङ शेर्पा
सञ्चालक
एएनएस एशोसिएट्स प्रा.लि.
काठमाडौं, नेपाल


विजयादशमी २०८०को पावन अवसरमा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना ।
शुभ बडादशैं
HAPPY VIJAYA DASHAMI
जीवन भण्डारी
प्रबन्ध निर्देशक
काठमाडौं ओभरसिज प्रा. लि.
काठमाडौं, नेपाल



# आफ्नै माटोमा मौलाएकी कुसुम



● बिन्दु अधिकारी ढकाल
binduadhikari2018@gmail.com

*पछिल्लो समय श्रम स्वीकृति लिएर कुवेत, जोर्डनलगायत खाडी मुलुक उड्न लागेका अधिकांश महिला कामदारहरूलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट फिर्ता गराइयो भन्ने विषयलाई लिएर अखबारतिर व्यापक चर्चा चल्यो । यही कुरा सामाजिक सञ्जालमा पनि छ्याप्छ्याप्ती देखियो । वैदेशिक रोजगार व्यवसायीहरूले अध्यागमन विभागले बिना कारण दुःख दिने गरेको गुनासो पोखे ।*

*मुलुकभित्रै रोजगारको अवसर नपाएर विदेशिन बाध्य नेपालीहरूलाई पाइला-पाइलामा दिइने दुःख र हण्डर देख्दा देशमा सरकार भएको कहीकतै महसुस हुँदैन । सरोकारवालाहरू भन्छन्, 'सरकारले रोजगारी त दिन सकेन सकेन विदेशिदा पनि अनेक झन्झट र झमेला मात्र दिइरहेको छ ।' चिलगाडीमा बसेर उड्ने सपनाको प्रक्रिया सुरु गर्दादेखि एयरपोर्ट पुग्दासम्मको झमेला वर्णन गरी साध्य छैन । हुन पनि दुई छाक जोहो गर्न र परिवारको भरणपोषणका लागि थाप्लामा ऋणको बोझ बोकेर हिडेका उनीहरूलाई ठग्न पाइलैपिच्छे थापिएका जाल देख्दा धिक्कार लाग्छ ।*

*अर्थ र रोजगारको यस अङ्कमा अलि फरक धार सौन्दर्य कर्मीतिर जान मन भयो । हुन त बहिनीसँग भलाकुसारी गर्ने केही महिना अघिदेखिकै योजना हो तर समय परिस्थितिको कारण गफिन अनुकूल भएन । साना तथा मझौला व्यवसायीहरूको छाता संस्थाकी सदस्यसमेत रहेकी उनै कुसुम लिम्बुको मिहिनेत, जिवनसंघर्ष र भोगाई स्वयंकै भाषा र शैलीमा सुनौं ः*

"मेरो जन्मस्थल झापा हो । सानैदेखि भर्नौं नर्सरीबाटै काठमाडौंमा पढेँ । यतै हुर्कें । यतै बढेँ । बुवा जागिरे हुनाले बालापनमा कुनै दुःख र अभावको महसुस गर्नुपरेन तर हाम्रो घरमा अनुशासन भने ज्यादै कडा ! समयमा स्कुल जाने । छुट्टी हुनासाथ घर आएर कामधाम के छ, जिम्मा लिइहाल्नु पर्ने । त्यो नभए पढ्न बस्ने । उसो त गाउँमा भए मेलापात जानुपर्थ्यो । गाईवस्तु र खसीबाख्रालाई घाँस काट्नु पर्थ्यो तर शहरको बासमा त्यो लय गर्नुपरेन । अहिले सोच्दा लाग्छ, प्रहरीमा जागिरे बुवाले मर्यादामा हिँड्न सिकाउनु भा'रैछ । जन्मेर मात्रै मान्छे हुँदैन । वास्तविक मानिस बन्न स्वयं कर्मशील हुनुपर्छ । आफ्ना दश नङ्ग्राको प्रभाव धरातलले समेत गुनगान गाउन सकोस् । चिनोस्, जानोस् अनि अझै उत्साहट मिलोस् ।

स्कुलको पढाइ सकियो । माध्यमिक शिक्षा पछि कलेज भर्ना भएँ । 'प्लस टु'मा विषय लाग्यो । त्यहीबेला मैले 'पार्लर' सिकेँ । एउटा वास्तविकता स्कुले जीवनका ती दिनमा मात्रै होइन, कलेज सुरु गर्दासम्म पनि 'मेकअप' भनेको के हो ? कसरी गरिन्छ ? यो पाटोबारे थाहा थिएन । त्यो लय केही गर्नै आउदैनथ्यो मलाई । कति साथीहरू घरमा ममीलाई हेरेर राम्री हुन सिके भन्थे तर त्यो कला मेरो ममीमा थिएन । हो, मैले जान्दादेखि उहाँ ज्यादै 'सिम्पल !' एउटा दाजु र एउटा भाइको चेली मलाई क्रिमपाउडर न लिविष्टिक या गाजल सौन्दर्यका यी साधन कुन तजबिज कसरी लगाउने ? आउदैनथ्यो ।"

सिक्नु नै सबैथोक होइन तर यसरी पेसाकै रुपमा धन्दा गर्छु भनेर कहाँबाट र कसरी सोच पलायो ? मेरो प्रश्न सुनेर स्वावलम्बी कुसुम एकछिन केही बोलिनन् । बस्, मुस्कुराहट भावमा त्यो पल जसै मैले उनलाई हेरेँ, उनले पनि मलाई हेरिन् । यसरी वार्ता गर्नुको मूल उद्देश्य अरु दिदीबहिनीहरूका लागि समेत प्रेरणा स्रोत बनोस् भन्ने हो । चाहना भएर/नभएर यहाँ कति महिलाहरू पछि परेका छन् । अधिकार र अवसर भन्ने कुरा आफैँ दौडेर आउदैन । यो सोच्नु पर्छ, हजार पाइला हिँड्न एकबाट सुरु हुन्छ । अर्को, जसरी तिर्खा मेट्न खोला धाउदैन ।

खिस्स हासेर पुनः कुरा सुरु गर्दै उनले भनिन् "हजुर दिदी, त्यो बेला बिहान ट्यूसन पढ्थेँ । दिउँसो पार्लर सिक्न जान्थेँ । रुटिङ अनुसार परीक्षा लेख्ने दिन आयो । त्यो एक्जाम लगत्तै पार्लरमै काम सुरु गरेँ । दुई वर्ष काम गर्दा लाग्यो, आफूले सिकेको काममा निखारपन ल्याउन अभ्यास नगरी हुँदैन । अतः खुब लागि परेर जुट्थेँ । नतिजा आयो मैले 'प्लस टु' पास गरेँ । सोही साल बिहे भयो । त्यसको वर्ष दिनमा बाबु जन्मियो ।

सानो बच्चा हुँदा पनि आँट मरेन । हो, ममीले बच्चा हेर्दिनुभयो । यसकारण मैले आफैं पार्लर खोल्ने निर्णय गरेँ । अब यी दुवै मेरा भविष्य बने । यिनको देखभाल मेरो काँधमा पर्नु चानचुने जिम्मेवारी होइन । मेरो पार्लर कोटेश्वर चोकबाट पैदल झन्डै दश मिनेटभित्र सेतीओपी क्लबभन्दा अगाडि ठुलो बाटोको बायाँ साइडमा ग्रामर कलेज नजिक पर्छ । सानैदेखि जानेबुझेको ठाउँ हुनाले बसाइँ नजिकै सटर लिएँ । त्यसको सजावटलगायत क्रिम र कस्मेटिकजन्य सरसामान खरिद्न थोरैतिनो पैसाले पार नलाग्ने हुनाले बैङ्कबाट ऋण लिएँ । पसलको प्यान नम्बर र जग्गा धितो राखेर महिला उद्यमी व्यवसायबाट ६ प्रतिशत ब्याजदरमा महिना-महिनामा किस्ता तिर्ने गरी ।"

सायद यसैलाई भनिन्छ, हुने बिरुवाको चिल्लो पात ! आफ्नो पौरख आफ्नै गौरव ! उनको काम देख्दा लाग्छ, नामै कुसुम कामै कुसुम स्वयं फूल हुन् । सिक्ने हुटहुटी मनहरूलाई उनले तालिम पनि दिन्छिन् । आवश्यक पर्दा लिन्छिन् पनि । उनको भनाइ अनुसार कोर्स पुरा गर्न ४० हजार पर्छ । कोरोना सुरु हुनुभन्दा तीन महिना मात्रै अघि खुलेको उनको पार्लरबाट दर्जनौले तालिम लिइसकेका छन् । ती सबै विदेश जाने थिए, कति गए । कति प्रक्रियामै होलान् । उनीसँग एक जना कर्मचारी छिन्, सरस्वती चौधरी । तिनले सिटिईभिटिईमा सौन्दर्य कोर्स पढेर आएकी हुन् ।

कुसुमका श्रीमान् सन्तोष लिम्बु यतिखेर नेपालमा छन् । कतारमा रोजगार गर्ने उनी त्यता पैसा बचेन भनेर माल्टा (युरोप) उड्ने तयारीमा रहेछन् । उनलाई सुनेर मेरो ख्यालमा उब्जेको प्रश्न साँच्चै, यस मुलुकमा युवा बस्ने वातावरण किन छैन ? जसलाई सुनो यति धेरै निरुत्साही परिवेश छ तैपनि सरकारको ध्यान भने किन मौन छ ? यसको मुख्य कारण हो, यहाँको अव्यवस्थित सेवा प्रवाह । भनौं, मुलुकमा लगानीमैत्री वातावरण नै छैन । विशेषगरी सन् १९८० को दशकको विश्वव्यापीकरण पश्चात् मुलुकले उदारीकरणको नीति अवलम्बन् गरेसँगै नेपालको आर्थिक, राजनीतिक एवं सामाजिक अवस्थाबाट असन्तोष हुँदै मुलुक छोड्ने युवाको सङ्ख्या निकै उच्च छ । यहाँ उद्योगधन्दा, कलकारखाना खोल्न त्यति सहज छैन । कम्पनी दर्तादेखि दक्ष जनशक्तिको अभाव, बजार अभाव र अस्पष्ट कानुनले गर्दा नव उद्यमीलाई निरुत्साहित बनाएको छ । देशको राजनीति चरम अस्थिरता र उथलपुथलबाट गुज्रिएको हुनाले छिटो छिटो सरकार परिवर्तन हुने क्रम रोकिएको छैन । यसरी कार्यपालिका र व्यवस्थापिकाबीचमा शक्ति सन्तुलन ठिक ढङ्गसँग हुन नसक्नु यस देशको दुर्भाग्य हो । नेपाल आमाको गाथा नेपालीको बेथा कहेर नसक्नु छ कथा । अहिलेको परिप्रेक्षमा एउटै राजनीतिक दलले बहुमत ल्याएर स्थिर सरकार बनाउन सक्ने अवस्था छैन । प्रदेश सरकारको औचित्य मुलुकमा आर्थिक भार थप्नुबाहेक देखिएन । अनि, पेलिने त सर्वसाधारण जनता न हुन् । दुःख सास्तीको सिमा छैन ।

साराको भनाई छ, देशमा काम गरेर खाने वातावरण छैन । कागले कान लग्यो भनेजस्तै भाषा हो या यस कुरामा सत्यता पनि छ ? नितान्त नीजि अनुभव बताउन मैले प्रश्न गर्दा कुसुमको उत्तर थ्यो- "हो, दिदी । म त छोराको मायाले मात्रै अडेकी छु । घरीघरी झोक चल्छ, सुइत्तै उडेर टाढा कतै जान पाए कस्तो हुन्थ्यो । यहाँ बिहान सात बजेदेखि राति नौं बजेसम्म काम गर्दा नि बाँच्नै ठीक छ । महिना मरेपछि घरबेटीलाई भाँडा बुझायो । बत्ती-पानी र फोहोरको पैसा छुट्याएर हिसाब जोड्दा एक पैसा बच्दैन । हरेक दुई वर्षमा दश प्रतिशतका दरले भाँडा बढाउने नीति हामी भाँडावालका लागि वास्तवमै सकसपूर्ण छ । यो कुरा कसलाई सुनाउनु ? के भनेर बताउनु ।

हुन त सौन्दर्य कलामा काम अनुसार दाम नराम्रो होइन, राम्रो छ र यसमा खुसी पनि छु । पसललाई आवश्यक सरसामान सबै होलसेलबाट ल्याउछु । क्रिम बेच्दा मूल्य अनुसार १५ प्रतिशत फाइदा हुन्छ । त्यस्तै, फेसियल, मेकअप, कलर, कटिङ र नङ लगाउने काम प्रायः खाली हुँदैन । मेकअप न्युनतम दुई हजारदेखि १० हजार र कपालको डिजाइन अनुसार ५ सयदेखि २ हजारसम्म पर्छ । नेल लाउन हजारदेखि २ हजार पच्चिस सय पर्छ । बिहेको सिजनमा र चाडपर्व नजिकिदा काममा निकै व्यस्तता हुन्छ । महिलाहरूको कपालको टुप्पा मिलाउने सामान्य कामदेखि तेल मालिस, क्लीजिङ, हेयर स्टेट, केराटिन् र टाउको तथा हातमा मेहेन्दी साथै, दुलही श्रृङ्गारपटार आदि इत्यादि सबै जोड्दा ठुलो व्यापार हुने स्थल ब्युटी पार्लर हो । अझ, भनेजस्तो सेम्पो, खोजेजस्तो क्रिम तथा केमिकलरहित कस्मेटिक उपलब्ध गराउन सके कहाँदेखिका ग्राहक धाउनु हुन्छ, व्यापार बढेको पत्तो हुँदैन ।"

कुसुमको छोरा सानै छ । घरीघरी पार्लर छिर्छु म । त्यस बेला उसलाई प्रायः मोबाइलमा व्यस्त देख्छु । सानो बच्चालाई एकोहोरो फोन नदिनु भने पनि आमाचाहिँको बाध्यता हो, काम छाड्न मिलेन । अतः ऊ स्कुलबाट आएपछि फोनबाहेक रमाउने ठाउँ छैन । कि, घुमाउन लैजानु पर्‍यो । कति छ, गृहकार्य त्यो पढाउने काम त छदै छ ।

विद्यार्थीलाई जगबाटै सिपमूलक एवं व्यवसायीक तालिम दिन सकियो भने कुसुमको बालक छोरो र त्यस्तै लाखौंलाख अरु छोरा छोरीले यही देशमा बसेर केही गर्ने अठोट गर्ने थिए । हुन त कुसुमको श्रीमान्लाई पनि यति सुन्दर श्रीमती र बच्चालाई छाडेर विदेशिने रहर कहाँ होला र ? यसकारण अब ढिलो नगरि राजनीतिक नेतृत्वले युवामा आशा जगाउनु पर्छ । देशमा उपलब्ध स्रोतसाधनको उच्च सदुपयोगमार्फत कसरी उत्पादन वृद्धि गर्न सक्छौ र परनिर्भर हुनबाट मुलुकलाई बचाउन सकिएला भन्ने तर्फ सरकार जाग्नु पर्‍यो । नव उद्यमीलाई भड्काउने हैन कि, निःशुल्क तालिम र सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउनु वाञ्छनीय छ । अनन्त समय कुसुम कुसुमजस्तै मौलाएर फूलिरहुन् । फलि रहुन्, यही शुभकामना !



# गैरआवासीय नेपालीले नागरिकता पाउने बाटो खुल्यो, एनआरएनएद्वारा स्वागत

नेपाल नागरिकता नियमावली राजपत्रमा प्रकाशित भएको छ। नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली २०८० राजपत्रमा प्रकाशित भएसँगै गैरआवासीय नेपाली नागरिकता प्रदान गर्ने बाटो खुला भएको छ।

गैरआवासीय नेपालीलाई दिइने नागरिकतामा गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र भनी उल्लेख हुने व्यवस्था गरिएको जनाउदै गृहमन्त्रालयका नागरिकता तथा परिचयपत्र व्यवस्थापन शाखा प्रमुख कृष्णबहादुर कटुवालले यस्तो नागरिकता लिनेलाई राजनीतिकबाहेक सामाजिक, सांस्कृतिक र आर्थिक अधिकार हुने जानकारी दिए। राजपत्रमा प्रकाशित संशोधित नियमावलीका अनुसार गैरआवासीय नेपाली (एनआरएन)हरूले गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र लिन विदेशबाटै पनि आवेदन दिन पाउने भएका छन्। जसअनुसार गैरआवासीय नेपाली नागरिकताका लागि विदेशमा रहेका नेपाली राजदूतावास वा महावाणिज्य दूतावासमा निवेदन दिन सकिने व्यवस्था गरिएको छ।

यस्तो नागरिकता लिन चाहने गैरआवासीय नेपालीले आफू वा आफ्नो बाबु, आमा बाजे वा बज्यैमध्ये १ जनाको नेपाली नागरिकताको आधारमा सोही नागरिकताको प्रमाणपत्र जारी भएको जिल्लाको प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ। जसका लागि हाल नागरिक रहेको मुलुकबाट लिएको राहदानीको प्रतिलिपि, नेपालको संविधान मान्ने प्रतिबद्धता, विदेशी नागरिकता लिएको प्रमाण आदि कागजात पेस गर्नुपर्नेछ।

नियमावलीमा गैरआवासीय नेपाली नागरिकता लिदा ईश्वर, देश र जनताको नाममा शपथ लिनुपर्ने व्यवस्था पनि गरिएको छ। सार्क राष्ट्रमा बसोबास गर्नेहरूले भने गैरआवासीय नेपाली नागरिकता पाउने छैनन्।




**एनआरएनएद्धारा स्वागत**

गैरआवासीय नेपाली संघले गैरआवासीय नेपाली नागरिकता प्रदान गर्ने बाटो खुलाएकोमा नेपाल सरकारलाई आभार प्रकट गरेको छ। संघले एक विज्ञप्ति जारी गर्दै नेपाल सरकारको यो कदम स्वागतयोग्य रहेको र अब वंशजको नागरिकताको लागि निरन्तर पहल गर्ने जनाएको छ।

संघले यस कार्यलाई पुरा गर्न समन्वयकारी भूमिका निर्वाह गरेका संविधानसभाका अध्यक्ष तथा पूर्वसभासद स्वर्गीय सुवासचन्द्र नेम्वाङलाई स्मरण गरेको छ। संघले राष्ट्रपति, प्रधानमन्त्री, प्रतिनिधीसभाका सभामुख एवं सदस्यहरू, राष्ट्रिय सभाका अध्यक्ष एवं सदस्यहरू, सम्पूर्ण राजनीतिक दलका नेताहरू , विभागीय मन्त्रीहरू एवं नेपाल सरकारका अंगहरू सबैप्रति आभार व्यक्त गरेको छ। यस्तै गैरआवासीय नेपाली नागरिकता प्राप्तिको यस अभियानमा लाग्ने संघका पूर्वअध्यक्षहरू, पूर्वकार्यसमिति तथा वर्तमान कार्यसमिति एवं सम्पूर्ण अभियन्ताहरूमा पनि संघले आभार प्रकट गरेको छ।

विज्ञप्तीमा भनिएको छ- हाल प्राप्त नागरिकताको माग नै हाम्रो अन्तिम आवश्यकता नभए पनि प्राप्त उपलब्धिहरूको रक्षा गर्दै वंशजको नागरिकताको निरन्तरता लगायत नेपाली नागरिक सरहको अधिकारका लागि हाम्रो प्रयास भने जारी रहनेछ।



काठमाडौं, भक्तपुर र ललितपुरका जोन क्षेत्रमा तरकारी, आलु र दुध उत्पादन बढाउन व्यवसायिक र आधुनिक कृषिमा लगानी बढाऔं सम्बृद्ध र समुनत समाजको विकास गरौं ।

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

**परियोजना कार्यान्वयन एकाई, भक्तपुर**

**विजयादशमी २०८० को पावन अवसरमा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना ।**




नरेन्द्रप्रसाद ढकाल
प्रबन्ध निर्देशक

naukrinepal
employing excellence
Gongabu, Kathmandu, Nepal
Tel: +977-1-4362686, 4385786

# फिने हङकङमा नयाँ नेतृत्व, अध्यक्षमा दाहाल



अन्तर्राष्ट्रिय नेपाली युवा उद्यमी महासंघ (फिने) हङकङको अध्यक्षमा युवा व्यवसायी डिके दाहाल निर्विरोध निर्वाचित भएका छन् ।

२ बर्ष अगाडि स्थापना भएको फिने हङकङले आफ्नो साधारण सभाबाट दाहाललाई सर्वसम्मत अध्यक्ष चयन गरेको हो । सफलतापुर्वक आफ्नो कार्यकाल सम्पन्न गरेर निवर्तमान अध्यक्ष आकाश बञ्जराले दाहाललाई नेतृत्व सुम्पिएका छन् ।

यस्तै संस्थाको उपाध्यक्षमा विश्वनाथ घिसिङ र इन्द्र पुन, सचिवमा सुरेश थापा, कोषाध्यक्षमा लक्ष्मी गुरुङ, सह-कोषाध्यक्षमा सुहानी पुन तथा सदस्यहरूमा मनिस लिम्बू, अशोक गुरुङ, निर्मल अर्याल, जिभान्त खत्री, विष्णु गैरे, सुप्रभा महरा र योगेन्द्र गिरी चयन भएका छन ।

युवा व्यवसायीहरूको सञ्जालको रुपमा विकास भइरहेको फिनेले नयाँ तथा युवा व्यवसायीहरूलाई प्रोत्साहन गर्नुका साथै सहयोग प्रदान गर्दै आएको । फिनेले आईडिया र लगानीकोबीचमा जोड्ने पुलको काम गर्ने उद्धेश्य राखेको छ ।

आफ्नो २ बर्षे कार्यकालमा तन, मन, बचन र धनले साथ दिने सबैलाई निवर्तमान अध्यक्ष बञ्जराले धन्यवाद दिएका छन् ।

अन्तराष्ट्रिय नेपाली युवा उद्यमी महासंघका अध्यक्ष स्वतन्त्र प्रताप शाह, एनआरएनए हङकङका अध्यक्ष गोकर्ण ढकालसहितको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो ।

नवनिर्वाचित अध्यक्ष दाहालले युवा उद्यमीलाई आकर्षित गर्नका लागि विभिन्न कार्यक्रम ल्याउने जानकारी दिए । उनका अनुसार कार्यक्रमकै दिन एक लाख ६२ हजार डलर संकलन भएको र उक्त पैसा नव उद्यमीहरूका लागि लगानी गरिनेछ । उनले ५ लाख डलरको फण्ड बनाएर लगानी गर्ने बताएका छन् ।


शुभकामना

विजया दशमी २०८० को पावन अवसरमा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना ।

गणेश ढकाल
अध्यक्ष

नेपाली होटल व्यवसायी संघ
काठमाडौं, नेपाल

शुभकामना

विजया दशमी २०८० को पावन अवसरमा हाम्रा सेयर सदस्य, ग्राहक तथा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना ।

लोकदर्शन बचत तथा ऋण सहकारी संस्था लि.
नयाँ बानेश्वर, काठमाडौं
फोन : ४४८४३६०


DASHAIN
दशैं
TIHAR
तिहार
HAPPY DASHAIN & TIHAR
विजयादशमी तथा शुभदीपावली २०८० को पावन
अवसरमा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा
हार्दिक मंगलमय शुभकामना
NEPAL ASSOCIATION OF FOREIGN EMPLOYMENT AGENCIES
NEPAL
2049
राजेन्द्र भण्डारी
अध्यक्ष
मेघनाथ भुर्तेल
महासचिव
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, परिवार
पिंगलास्थान, काठमाडौं


सुरक्षित र भरपर्दो
वैदेशिक रोजगारीका लागि
हामीलाई सम्झनुहोस ।
विजयादशमी २०८० को पावन अवसरमा देश-विदेशमा
रहनु भएका नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना ।
रोजेन्द्र गिरी
सञ्चालक
Shalmani
Overseas
सल्मानी
ओभरसिज प्रा.लि.
कोटेश्वर, काठमाडौं, नेपाल
फोन नं. : ९७७-०१-५१४७२२७

# मानवअधिकारकर्मी मियाँ कतारमा सम्मानित




मानवअधिकारकर्मी प्रोफेसर रमजान अलि मिया कतारमा सम्मानित भएका छन् । कतारको राष्ट्रिय मानव अधिकार कमिटीले प्रोफेसर मियाँलाई सम्मान गरेको हो ।

कतारको राष्ट्रिय मानवअधिकार कमिटीले गत अगष्ट १ तारिखदेखि सेप्टेम्बर १ तारिखसम्म सञ्चालन गरेको 'प्रिभेन्टिङ द रिस्क अफ हिट स्ट्रेस' अर्थात उच्च गर्मीले सिर्जना गर्ने तनाब व्यवस्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रममा अविस्मरणीय र उच्च योगदान दिएको भन्दै मियाँलाई सम्मान गरेको हो ।

कतारको राष्ट्रिय मानवअधिकार कमिटीका महासचिव सुल्तान हसन अल जमुलाईले मियाँलाई सम्मान गरेका हुन् । डेढ दशकदेखि कतारमा रहेका मियाँलाई यसअघि श्रमिक अधिकारको क्षेत्रमा काम गरेबापत कतार सरकारको गृह मन्त्रालयले सम्मान गरेको थियो ।

उनले कतारमा कार्यरत आप्रवासी नेपालीहरूलाई आइपरेका समस्या समाधानमा कानूनी एवम् अन्य सहयोग गर्दै आएका छन् । मियाँले कतारको श्रम ऐन, कतारमा कार्यरत नेपालीहरूका लागि हित हुने विभिन्न सरकारी डकुमेन्टहरू नेपाली भाषामा अनुवाद गरेका छन् भने केही समयअघि 'मैले देखेको कतार' नामक कृति पनि प्रकाशन गरेका थिए ।

मध्यपूर्वी देशमा काम गर्न जाने नेपालीलाई अरबी भाषा सिक्न सजिलो होस् भनेर उनले 'अरबी गुरु' नामक पुस्तक पनि प्रकाशित गरेका छन् ।

# रंजित साहको नेतृत्वमा एन्टामा सर्वसम्मत कार्यसमिति चयन



एशोशिएसन अफ नेपाल तराई इन अष्ट्रेलिया (एन्टा)को अध्यक्षमा युवा व्यवसायी रंजित साह निर्विरोध निर्वाचित भएका छन् । सिड्नीको ग्रयान्भिलमा भएको अधिवेशनले साहको नेतृत्वमा निर्विरोध कार्यसमिति चयन गरेको हो ।

यस्तै अधिवेशनले उपाध्यक्षमा परमानन्द साह, महासचिवमा विकास झा, कोषाध्यक्षमा सुरेन्द्र साह, कार्यक्रम संयोजकमा राकेश साह र सहकोषाध्यक्षमा रंजित दास चयन गरेको छ भने कार्यसमिति सदस्यहरूमा आरती साह, मोहम्मद सैफअली खान, प्रिया गुप्ता र विजयकुमार साह चयन भएका छन् ।

एशोशिएसन अफ नेपाल तराई इन अष्ट्रेलिया (एन्टा) न्युसाउथ वेल्स राज्यमा दर्ता भएको मधेशी समुदायको पहिलो र सबैभन्दा पुरानो संस्था हो ।

नव-निर्वाचित अध्यक्ष साहको अष्ट्रेलियाको प्रायः सबै राज्यमा व्यवसाय छ । साह क्लिनिङ, कन्स्ट्रक्सन, रेष्टुरेन्ट र हाउजिङ व्यवसायी हुन् ।






> विशेषगरी अन्य समयमा भन्दा चाडपर्वमा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले घर तथा आफन्तलाई पैसा पठाउने प्रचलन बढी हुँदा ग्राहकहरू आकर्षित गर्न पनि यस्ता योजना ल्याउने गरेका छन् ।

# चाडपर्वमा रेमिट्यान्स पठाउँदा उपहारै उपहार

नेपालीहरूको महान पर्व बडादशैं, तिहार तथा छठ नजिकिदै गर्दा विभिन्न रेमिट्यान्स कम्पनीहरूले विदेशबाट नेपाल पैसा पठाउदा चाडपर्व लक्षित उपहार योजनाहरू सार्वजनिक गरेका छन । हरेक वर्ष झै आफ्ना सेवाग्राहीका लागि यी कम्पनीहरूले उपहार योजना ल्याएका हुन् ।

विशेषगरी अन्य समयमा भन्दा चाडपर्वमा वैदेशिक रोजगारीमा रहेका नेपालीहरूले घर तथा आफन्तलाई पैसा पठाउने प्रचलन बढी हुदा ग्राहकहरू आकर्षित गर्न पनि यस्ता योजना ल्याउने गरेका छन् । यो समयमा रेमिट्यान्सको कारोबार अन्य समय भन्दा निकै नै बढी हुने गरेको छ ।

दशैं, तिहार तथा छठ पर्वलाई लक्षित गरी आइएमई, सिटी एक्सप्रेस मनि ट्रान्सफर, वेस्टर्न युनियन मनि ट्रान्सफरलगायतका रेमिट कम्पनीहरूले दशैं स्किमहरू सार्वजनिक गरिसकेका छन् । यी कम्पनीहरूले रेमिट्यान्सको कारोबार गर्ने ग्राहकका लागि आकर्षक तथा बम्पर उपहार ल्याएका हुन् ।

**आइएमईले ल्यायो 'आइएमई गरौं करोडपति बनौं' योजना**

आइएमईले चाडपर्व लक्षित 'आइएमई गरौं, करोडपति बनौं' योजना सार्वजनिक गरेको छ । जस अनुसार आइएमई गरी विदेशबाट रकम पठाउने सेवाग्राहीहरूमध्ये एक जनाले बम्पर उपहार स्वरुप १ करोड रुपैयाँ नगद जित्ने छन् ।

यस योजना अन्तर्गत प्रत्येक महिना एक जनाले १ लाख नगद रुपैयाँ पाउने र योजना अवधिभर १८ सय सेवाग्राहीले थप आकर्षक उपहार प्राप्त गर्ने छन् ।

आइएमई गरी आइएमई पे वालेट र बैंक खातामा जम्मा गर्ने तथा आइएमई काउण्टरमा रकम पठाउने सेवाग्राहीहरू यो योजनामा सहभागी हुन पाउने तथा यो योजना २०८० असोज २ गते देखि २०८१ भदौ मसान्तसम्म लागु हुने आइएमईले जनाएको छ ।

आइएमई लिमिटेडका प्रमुख कार्यकारी अधिकृत खिलेन्द्र पौडेलले आइएमईले वैदेशिक रोजगारमा रहेका श्रमिक तथा विदेशमा स्वरोजगारमा रहेका सेवाग्राहीहरूलाई औपचारिक माध्यमबाट रकम पठाउन यो योजनाले उत्प्रेरकको रूपमा काम गर्ने बताएका छन् । साथै यो योजनाले डिजिटल माध्यमबाट रकम पठाउन सेवाग्राहीलाई प्रेरित गर्ने पनि प्रमुख कार्यकारी अधिकृत पौडेलले उल्लेख गरेका छन् ।

**वेस्टर्न युनियनको 'दशैंमा १० गुणा' अभियान**

वेस्टर्न युनियन मनी ट्रान्सफरले दशैं, तिहार र छठको अवसर पारेर 'दशैंमा दश गुणा' नामक योजना ल्याएको छ । कम्पनीले चाडपर्वको अवसरमा ग्राहकको खुसी गुणा गर्ने लक्ष्यसहित योजना ल्याएको जनाएको छ ।

योजनामा सहभागी हुनका लागि ग्राहकले नेपालमा रहेका वेस्टर्न युनियन मनी ट्रान्सफर सेवाको कुनै एक भुक्तानी काउन्टरबाट रेमिट्यान्स प्राप्त गरेको हुनुपर्ने सर्त राखिएको छ । देशभरमा १५ हजारवटा भुक्तानी काउन्टर रहेको कम्पनीको भनाइ छ । रेमिट्यान्स प्राप्त भएका कारोबारहरू स्वतः साप्ताहिक र बम्पर ड्रमा समावेश हुने कम्पनीले जनाएको छ ।

यो योजना मंसिर १० सम्म लागू हुने र योजनाअनुसार आठ हप्तासम्म ६४ जना



भाग्यशाली ग्राहकले २५ हजार रुपैयाँसम्मको कारोबारमा दुई गुणा र सोभन्दा बढीको कारोबारमा २५ हजार रुपैयाँ पुरस्कार पाउने जनाइएको छ।

साथै, बम्पर पुरस्कारका रूपमा एक लाख रुपैयाँसम्मको कारोबारमा दश गुणा रकम पाउने तथा ५० हजार रुपैयाँभन्दा कम कारोबारमा पाँच लाख रुपैयाँ प्राप्त गर्ने उल्लेख छ। पुरस्कारको रकम एक लाख रुपैयाँभन्दा बढी भएमा १० लाख रुपैयाँ प्राप्त गर्ने कम्पनीले जनाएको छ।

**सिटी एक्सप्रेसको 'विदेशबाट सिटी पठाऔं दश गुणा बढी पाऔं' योजना**

सिटी एक्सप्रेस मनी ट्रान्सफरले दशैं, तिहार र छठ्लाई लक्षित गर्दै आफ्ना ग्राहकवर्गहरूसंग पर्वको खुशी साट्न लगातार ६१ दिन सम्म चल्ने 'विदेशबाट सिटी पठाऔं, दश गुणा बढी पाऔं' उपहार योजना घोषणा गरेको छ।

सिटी एक्सप्रेसको यो उपहार योजना अन्तर्गत लक्की ड्र मार्फत हरेक महिना १ जनालाई जनही रु १ लाख, हरेक हप्ता ५ जनालाई जनही रु २५ हजार साथै ६१ दिनसम्म लगातार हरेक दिन १ सय जना विजेताहरूलाई जनही रु ५ सयको वालेट टप् अप् र अन्त्यमा एक जना भाग्यशाली बम्पर बिजेताले आफुले पठाएको रकमको १० गुणा बढी रकम पाउने छन्। कम्पनीका अनुसार यस् विदेशबाट सिटी पठाऔं, दश गुणा बढी पाऔं' अफर असोज १५ देखि मङ्सिर १५ गते सम्म लागू हुनेछ। यो अवधिभरी सिटी एक्सप्रेस मार्फत विदेशबाट पैसा पठाउने सम्पूर्ण सेवाग्राही यो उपहार योजनामा सहभागी हुने र उपहारको विजेता छनौट गर्दा विद्युतीय प्रणालीद्वारा गरिने सिटी एक्सप्रेसले जनाएको छ।




ipay remit

**आइपे रेमिटको आइफोन उपहार**

नेपालीहरूको महान पर्व विजया दशमी, शुभ दीपावली एबम् छठको अवसर पारेर आइपे रेमिटले जापानबाट रेमिट्यान्स पठाउने सेवाग्राहीहरूलाई लक्षित गर्दै आइफोन उपहार योजना ल्याएको छ।

जापानको फोरेक्स जापानमार्फत आइपे रेमिटद्धारा पैसा पठाउने सेवाग्राहीमध्येबाट एक जनालाई आइफोन १५ उपहार प्रदान गरिने कम्पनीले जनाएको छ। यो योजना अक्टोबर १ देखि नोभेम्बर १९ सम्म लागू हुनेछ।



# **हिमालयन बैंक**का ग्राहकलाई १६० भन्दा बढी स्थानमा छुट



हिमालयन बैंकले आफ्नो ग्राहकहरूलाई काठमाडौँ, पोखरा, चितवन लगायतका देशका विभिन्न १६० भन्दा बढी स्थानहरूमा विशेष छुटको व्यवस्था गरेको छ।

जस अनुसार बैंकका ग्राहकहरूले देशका विभिन्न स्थानमा रहेका प्रसिद्ध होटल, रेस्टुराँ, अस्पताल, ल्याब, डायगोनोस्टिक सेन्टर, गहना गृह, कपडा पसल, चस्मा पसल, घडी पसल, मोबाइल, ल्यापटप तथा सम्बन्धित सामग्री, खेलकुद सामग्री, फर्निचर, विद्युतीय दुई पाङ्ग्रे सवारी, कस्मेटिक, बुटिक, सैलुन, ट्राभल एण्ड ट्रेक, एडभेन्चर टुरिजम, लगायत अन्य स्थानहरूमा वस्तु खरिद तथा सेवा शुल्कमा भारी छुट पाउन सक्ने छन्।

बैंकले सम्बन्धित व्यवसायीसँगको सहकार्यमा आफ्ना ग्राहकहरूको सुविधालाई मध्यनजर राख्दै अधिकतम २० प्रतिशतसम्म छुटको व्यवस्था गरेको जनाएको छ। छुट सुविधा प्राप्त गर्न ग्राहकहरूले विल लिनु भन्दा पहिला नै आफू हिमालयन बैंकको ग्राहक भएको कुनै पनि परिचय (डेबिट/क्रेडिट कार्ड, चेक बुक) प्रस्तुत गरेमा उक्त स्थानहरूबाट निर्धारित छुट पाउने छन्।

ग्राहकवर्गहरूले छुट पाउने स्थान, प्रतिशत तथा सामाग्रीहरूको बारेमा विस्तृत जानकारीका लागि हिमालयन बैंकको आधिकारीक वेबसाइटमा गई हेर्न सकिने बैंकले जनाएको छ।

# सामाजिक सुरक्षा कोषको रकम अब **'आइएमई'**बाटै जम्मा गर्न सकिने




आइएमईले विदेशमा रहेका नेपालीहरूले सामाजिक सुरक्षा कोषमा योगदान बापतको रकम जम्मा गर्न मिल्ने सेवा सुरु गरेको छ। यो सेवा सुरु गर्दै सामाजिक सुरक्षा कोषलाई रेमिटेन्स प्लेटफर्ममा एकीकृत गर्ने आइएमई पहिलो रेमिट्यान्स कम्पनी बनेको छ।

आइएमई लिमिटेडका प्रमुख कार्यकारी अधिकृत खिलेन्द्र पौडेलले आइएमईले यो सुविधा मार्फत विदेशमा रहेका नेपालीको भरोसालाई कायम राख्न थप सेवा प्रदान गरिएको बताए।

कोषले अघि बढाएको वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिहरूको सामाजिक सुरक्षा योजनाको प्रवर्द्धनका लागि समेत आइएमईको सेवाले सहयोग पुग्ने प्रमुख कार्यकारी अधिकृत पौडेलले उल्लेख गरेका छन्।

यसअघि सामाजिक सुरक्षा कोषले वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका नागरिकले सामाजिक सुरक्षा योजना अन्तर्गत कम्तीमा नेपाल सरकारबाट तोकिएको न्यूनतम आधारभूत पारिश्रमिकको २१ दशमलव ३३ प्रतिशत रकम अर्थात् हाल न्यूनतम रु दुई हजार दुई मासिक रूपमा र अधिकतम न्यूनतम आधारभूत पारिश्रमिकको तीन गुणासम्म कोषमा योगदान गरी सुविधामा सहभागी हुन सक्ने व्यवस्था मिलाएको थियो।



# राष्ट्रिय वाणिज्य बैंक लाहान शाखाको नवनिर्मित भवनको उद्घाटन



राष्ट्रिय वाणिज्य बैंक लिमिटेड शाखा कार्यालय लाहानको सिरहा जिल्ला लाहान न.पा. -६ गणेश चोकस्थित नवनिर्मित भवनको उदघाटन गरिएको छ। मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादबले एक समारोहकाबीच शिलापत्र अनावरण गरी रिबन काटेर नवनिर्मित भवनको उदघाटन गरेका हुन।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न उक्त समारोहमा प्रमुख अतिथि एवं मुख्यमन्त्री यादबले कृषि तथा अन्य क्षेत्रको उत्पादन बढाउन प्रदेश सरकारले राष्ट्रिय वाणिज्य बैंकसँग सहकार्य गर्ने बताउँदै बैंकमार्फत किसानलाई अनुदान समेत दिन तयार रहेको बताए।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले अहिले राष्ट्रिय वाणिज्य बैंकको कर्जाको ब्याजदर सबैभन्दा कम रहेको बताउँदै ब्यवसायीहरूलाई यस बैंकसँग व्यवसायीक कारोबार गर्न आग्रह गरे। उनले विपन्नवर्गको सशक्तिकरणका लागि विना धितो कर्जा दिने तथा वित्तीय साक्षरता कार्यक्रम समेत सञ्चालन गरिने बताए। उनले बैंकले प्रदान गर्ने आधुनिक डिजिटल बैंकिङ्ग सेवाका लागि सबै किसिमले उपयुक्त हुने गरी शाखाको आफ्नै भवन निर्माण गरिएको बताए।

कार्यक्रममा संघीय सांसदहरू रामशंकर यादब, गंगाप्रसाद यादब तथा प्रदेश सांसदहरू राजेन्द्र चौधरी, राजकुमार गुप्ता, ललिता दाश, प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डे तथा बैंक सञ्चालक समितिका सदस्यहरू र बैंकका उच्चपदस्थ कर्मचारीहरू, जनप्रतिनिधिहरू, व्यवसायी, सञ्चारकर्मी, कर्मचारीहरू, स्थानीयवासी लगायतको उपस्थिति रहेको थियो।

बैंकको हाल ७ प्रदेश, ७७ जिल्लाका सबै सदरमुकाममा सहित २८४ वटा शाखा कार्यालय, ६५ वटा एक्सटेन्सन काउन्टर, २६९ वटा एटिएम र ९९ वटा शाखा रहित बैंकिङ्ग, क्युआर कोड सेवा, पिओएस सेवा, क्रेडिट कार्ड, डेविट कार्ड, कनेक्ट आइपिएस, स्मार्ट क्युआर टेलर (बिना चेक रकम झिक्न सकिने), ईन्टरनेट बैंकिङ, परिष्कृत रुपको मोवाईल बैंकिङ्ग तथा बिना ईन्टरनेट चल्ने युएसएसडि मोवाईल बैंकिङ्गका सेवाहरू समेत सञ्चालनमा रहेका छन्।

# आइएमई-पेबाट अब सजिलै एसआइपी भुक्तानी गर्न सकिने




आइएमई-पेबाट अब सजिलै एसआइपी इन्स्टलमेन्ट तथा युनिट पर्चेजको भुक्तानी गर्न सकिने भएको छ। एसआइपी भुक्तानी सेवा प्रदान गर्न आइएमई-पेले एनआइसी एसिया क्यापिटल तथा कुमारी क्यापिटलसँग सम्झौता गरेको हो।

सो सम्झौताअन्तर्गत अब आइएमई-पेका सेवाग्राहीहरूले एनआइसी एसिया क्यापिटलको एनआइसी एसिया डायनामिक डेट फन्ड तथा कुमारी क्यापिटलको कुमारी सुनौलो लगानी योजनाको एसआइपी इन्स्टलमेन्ट तथा युनिट पर्चेजको भुक्तानी सहजै गर्न सक्ने कम्पनीले जनाएको छ।

पछिल्लो केही समययता पुँजी बजारमा एसआइपी लोकप्रिय बन्दै गएको छ। त्यसकारण पनि यसको भुक्तानीलाई थप सहज पार्दै आइएमई-पेले आफ्ना सेवाग्राहीहरूको लागि यो सेवा सञ्चालन गरेको आइएमई-पेका सीईओ प्रवीण रेग्मीले बताए।

नेपालको पहिलो भुक्तानी सेवा प्रदायक आइएमई डिजिटल सोलुसन लिमिटेडद्वारा प्रवर्द्धित 'आइएमई-पे' मोबाइल वालेट एप अन्तर्गतको विद्युतीय भुक्तानी सेवा प्रदायक हो।




# एनएमबि बैंकको 'डिजी स्टेसन' सञ्चालनमा

एनएमबि बैंकले डिजिटल बैंकिङ प्रवर्द्धन गर्ने उद्देश्यले अत्याधुनिक 'डिजी स्टेशन' को सुरुवात गरेको छ। 'डिजी स्टेसन' ग्राहकहरूलाई सहज र सुविधाजनक बैंकिङ अनुभव प्रदान गर्न बनाइएको स्टेसन हो।

जसमा नगद डिपोजिट, क्लियरिङ चेक डिपोजिट, चेक स्टप, चेक रिक्विजिसन, ब्यालेन्स सोधपुछ, नगद निकासी र स्टेटमेन्ट जेनरेट सबै एकै ठाउँबाट स्वचालित प्रणालीमा मानवीय सहायता बिना गर्न सकिने बैंकले जनाएको छ।

डिजी स्टेसनको सुरुवातले ग्राहकहरूलाई बैंकले प्रदान गर्ने बैंकिङ सेवा तथा सुविधामा वृद्धि हुने विश्वास बैंकले लिएको छ। बैंकले प्रथम चरणको डिजि स्टेशनको सुरुवात एनएमबि भवन, बबरमहल शाखामा ४ वटा मेसिन जडान गरी सञ्चालन गरेको छ।

क्यास डिपोजिट मेसिनमा ग्राहकले रु १ लाख भन्दा कम रकम बैंकको काउन्टर नपुगी आफै खातामा रकमान्तर गर्न सक्ने र डिपोजिटको रसिद पनि सोही मेसिनबाट प्राप्त गर्न सक्ने सुविधा रहेको छ। साथै, चेक डिपोजिट मेसिनमा ग्राहकले चेक स्टपदेखि नयाँ चेकको आवेदन र क्लियारिङ चेक समेत डिपोजिट गर्ने सुविधा रहेको बैंकले जनाएको छ।

आफ्नो खाताको विवरण र अन्य जानकारी प्राप्त गर्न सकिने सुविधाका साथ डिजी स्टेसनमा एटीएम मेसिनको सुविधा हुँदा ग्राहक वर्गका अधिकांश बैंकिङ आवश्यकताहरू स्वचालित ढंगले छिटो छरितो माध्यमबाट हुने बैंकले जनाएको छ।

# ईसेवा र नागरिक लगानी कोषबीच सम्झौता



ईसेवा प्रालि र नागरिक लगानी कोषबीच सेवा विस्तारबारे सम्झौता भएको छ। उक्त सम्झौता अनुसार नागरिक लगानी कोषका सेवाग्राहीले ईसेवा एप प्रयोग गरेर नागरिक पेन्सन योजनाको मासिक भुक्तानी तथा सबै कर्जाको भुक्तानी गर्न सक्नेछन्।

सम्झौता पत्रमा ईसेवाका प्रमुख कार्यकारी अधिकृत जगदीश खड्का र नागरिक लगानी कोषका निर्देशक सीए शोभा श्रेष्ठले हस्ताक्षर गरेका छन्।

ईसेवा र कोषबीचको सहकार्यले नेपाल सरकारको डिजिटल नेपालको अवधारणालाई टेवा दिँदै विद्युतीय भुक्तानीलाई अभिप्रेरित गर्ने विश्वास लिइएको छ।

हाल इसेवाको सेवा एण्ड्रोइड तथा आइओएस मोबाइलमार्फत ८० लाखभन्दा बढी ग्राहकले सेवा लिइरहेको जनाइएको छ।

सुरक्षित र भरपर्दो वैदेशिक रोजगारीका लागि हामीलाई सम्झनुहोस ।



विजयादशमी २०८० को पावन अवसरमा देश-विदेशमा रहनु भएका नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना ।

SOS GROUP

SOS Manpower Service Pvt. Ltd.

हेमबहादुर गुरुङ
अध्यक्ष

GPO Box # 3565, Dhapashi, Kathmandu, Nepal
Tel: 1-4365986 to 89 & 4366137/8
E: sosierra@wlink.com.np, Web: www.sosgroup.com.np

## ‘चितवन नेपाली जुत्ताघर’

# दशैंमा पुरानोसँग नयाँ साट्ने अफर




चितवनको भरतपुरमा अत्याधुनिक शोरुमसहित ‘चितवन नेपाली जुत्ता घर’ संचालनमा आएको छ। शोरुम संचालनको शुभारम्भको अवसरमा जुत्ता एक्सचेञ्जको अफरसमेत राखिएको छ। भरतपुरमा रहेको गङ्गोत्री मार्ग, (होटल गङ्गोत्री अगाडि) पहिलो तलामा संचालनमा आएको अत्याधुनिक शोरुममा पुरानो जुत्तासँग नयाँ साट्न पाउने अफरसहित मेला शुरु भएको हो।

चितवन नेपाली जुत्ता घरमा नेपालको प्रख्यात ब्राण्ड केटिएम सुज र सम्राट सुजका आधुनिक डिजाइनका जुत्ता चप्पल रहेका छन्। चितवनबासीका लागि स्वदेशी उत्पादनका गुणस्तरीय जुत्ता सस्तो मुल्यमा उपलब्ध गराउनका लागि चितवन जुत्ता घर संचालनमा ल्याएको जानकारी मेला आयोजक प्रमोद महतोले दिए।

जुत्ता एक्सचेञ्जसहित शुरु भएको जुत्ता घरमा जुनसुकै ब्राण्डका पुराना जुत्ता ल्याएर नयाँ जुत्ता साट्न पाइनेछ। जुत्ता घरको शुभारम्भको अवसरमा प्रत्येक जुत्तामा २५ प्रतिशत छुट उपलब्ध गराइएको छ। अझ पुरानो जुत्ता ल्याउनेलाई २५ प्रतिशत छुटमा अझै ५ सय रुपैया मुल्यांकन गरेर घटाएर नयाँ जुत्ता दिइने आकर्षक अफर रहेको आयोजक महतोको भनाई छ।

चितवनबासीलाई स्वदेशी उत्पादनका नयाँ-नयाँ जुत्ता लगाउन प्रेरित गर्नका लागि एक्सचेञ्ज मेला आयोजना गरिएको महतोको भनाई छ। ‘यसअघि पनि काठमाडौंमा पटक-पटक एक्सचेञ्ज मेला आयोजना गर्दा उपभोक्ताहरूको व्यापक चासो र भिड देखिएपछि अहिले चितवनमा एक्सचेञ्ज मेला आयोजना गरिएको हो’ आयोजक महतोको भनाई छ।

एक्सचेञ्ज मेलाका लागि नै भनेर जुत्ता कम्पनीले २ सय ५० भन्दा बढि नयाँ र लेटेस्ट डिजाइनका जुत्ता सार्वजनिक गरिएको जनाइएको छ। मेलामा एक हजारभन्दा बढि नयाँ-नयाँ डिजाइन जुत्ता उपलब्ध छन्।

नेपाली उपभोक्तालाई आफ्नो ब्राण्डको जुत्ता लगाउने वानी बसाल्नका लागि यस्तो आकर्षक अफर ल्याएको र जुत्ताको बजार मुल्य अनुसार नै छुट दिइएकाले उपभोक्तालाई फ्याक्ट्रीको उत्पादन लागत भन्दा सस्तो मूल्यमै नयाँ जुत्ता उपलब्ध हुने आयोजकको दावी छ। ‘उत्पादक मुल्यमा नै जुत्ता उपलब्ध गराउने विशेष प्रमोशनल अफर ल्याएका छौं, उपभोक्तालाई फाइदा नै फाइदा मात्र दिएका छौं’ महतोको भनाई छ।

हरेक ब्राण्डका जुत्तामा कम्तिमा ६ महिनाको वारेण्टी रहेको छ। स्वदेशमा बनेका जुत्ताचप्पलले नेपालीहरूको मन जितिरहेको अवस्थामा अझ नेपाली उपभोक्तालाई आकर्षित गर्नका लागि चितवनमा खोलिएको चितवन नेपाली जुत्ता घर सार्थक हुने अपेक्षा गरिएको छ।

विजयादशमी २०८० को पावन अवसरमा सम्पूर्ण देश-विदेशमा रहनु भएका नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना।






भुपाल शिवाकोटी
सञ्चालक

भिष्म शिवाकोटी
सञ्चालक

शिवाकोटी मेनपावर प्रा.लि.

प्रधान कार्यालय | सामाखुसी, काठमाडौं
फोन : ४३८७९९१

सम्पर्क कार्यालय | अनारमनी-३, बिर्तामोड, झापा
फोन : ०२३-५४०७१५, ५४०९१७

# गुमानसिंहको **दशैं**

करिब तीन घण्टापछि खाएको वियरले केही छोडेपछि पो ऊ झल्याँस्स भयो। 'ओहो, म त मासु किन्न पो आएको थिएँ। बर्बाद भो नि!' खल्ती रित्तो थियो, ऊ पीर मान्न थाल्यो।



युवराज नयाँघरे

'ओहो, पहिला-पहिलाका दशैं !'

गुमानसिंहले सम्झियो ।

'साँच्चै क्या गज्जबका हुन्थे । सान्है रमाइलो गरी मनाइन्थ्यो । हरेक कुरा बिर्सिनै नसक्ने । अहिले पनि ती कुरा सम्झदा मनै खुशी भइरहँदो रहेछ ।'

गुमानसिंहको मन उडेर आज कहाँ हो कहाँ पुगेको छ ।

'एक साल त खसी काट्न भनेर ठीक परेको । पर्सेको बोको दाम्लो चुँडाएर कहाँ पुग्यो कहाँ । बोका खोज्दा-खोज्दा हैरानै भइयो । खोलापारि कुमाल गाउँ पो पुगिसकेछ ।'

'पर्सेको बोको भागेपछि, फेरि काट्नु हुन्न भने । त्यो साल त्यस्तै नराम्रो भयो । ठूली आमा र ठूलो बा बजार गएर आउँदै थिए । गाउँकै खोलो एक्कासि बढेर आयो । अनि दुबैजना खोलामा बगे ।'

'त्यो सालको दशैं कति नरमाईलो भयो ।'

गुमानसिंहले त्यो घटनालाई बिर्सन खोज्यो ।

'आठवर्षअघि त त्यस्तो पनि गरियो है ।'

उसले दशैंको एउटा घटना सम्झियो ।

आमाले एकहजार रुपियाँ दिएर भनेकी थिइन्- 'गुमाने एक किलो खसीको राम्रो मासु लिएर आइज । त्यसलाई चाहिने मसला र भुटुन पनि किन्नु है ।'

गुमाने पैसा लिएर बजार गयो । बाटैमा कतारको तरबार गेटमा भेटिएको ज्ञानबहादुर दर्लामीसँग भेट पनि भयो ।

'ए होई, कता हो ?'

'दशैं लागेको छ । मासु किन्न आमाले पठाएकी छन् । कता होला राम्रो मासु ?' गुमानसिंहले सोध्यो ।

'मासु त लैजाउँला नि । यसो चिसो बियरले घाँटी शितल पारौं न ।'

'लौ त लौ !'

साथीको मन राख्न ऊ छाप्रे पसलतिर पस्यो ।

त्यसपछि खानपिन सुरु भयो । कतारको कमाइ, संगठन, राजनिति, साथीभाइ, खर्चबर्च आदिबारे छलफल भयो । ज्ञानबहादुरले थपी-थपी बियर खायो ।

एक बोतल खाँदै लागिहाल्थ्यो गुमानसिंहलाई । दुबैले थपी-थपी खाए ।

'आज मेरो तर्फबाट दशैं मनाउनु पर्‍यो नि ।'

खल्तीको एक हजार पैसा दियो पसलेलाई गुमानसिंहले । निकै बेरसम्म झोक्राएर ऊ बसिरह्यो । दशैंको भोज खाएर ज्ञानबहादुर गईसकेको थियो ।

करिब तीन घण्टापछि खाएको वियरले केही छोडेपछि पो ऊ झल्याँस्स भयो ।

'ओहो, म त मासु किन्न पो आएको थिएँ । बर्बाद भो नि !'

खल्ती रित्तो थियो । ऊ पीर मान्न थाल्यो ।

नजिकै सानिमाको घर थियो । त्यतै पस्यो ऊ । अनि पछि पैसा तिर्ने निहुँमा एउटा कुखुराको भाले लिएर घर गयो ।

आमाले कुखुराको भाले बोकेर फर्केको छोरा देखेर भनिन् -'दशैंमा पनि भाले पो बोकेर आइस त । खसीको मासु खोई नि ?'

गुमानसिंहलाई त्यो रात निकै गल्ती गरेको बोध भएको थियो ।

निकै वर्ष अगाडिको दशैं पनि ऊ सम्झिरहेको छ । त्यो साल देशैभरि बाढी-पहिरो आएर निकै नरमाइलो भएको थियो ।

काका, दाइ र भाइहरूले उसलाई पिङ हालुँ भनेर खुबै कर गरे ।

ऊ सकेसम्म अगाडी सरेको थिएन ।

'वर्षको एक पटक त हो नि ! पिङमा सर्र एक पटक त मच्चिनै पर्छ नि दाइ ।'

माइजुको छोरो सानो भाइले भनेपछि बल्लतल्ल बाँस काट्न ऊ हिँड्यो ।

'पिङको लिङ्गो त बलियो चाहिन्छ नि ।' बाँसघारीका एक-एक बाँस छान्दै उसले भनेथ्यो । घन्टौ लगाएर बाँस छाने । लिङ्गो गाडेपछि नौरथा देखि नै पिङ मच्चियो । गाउँका सारा केटाकेटी पिङतिर भुत्तिए ।

एक साँझ उसले आफूले मन पराएकी सुन्तलीसँग दोहोरो पारामा पिङ खेलेको थियो । दुबैजना मच्ची-मच्ची पिङ खेलिरहेथे । कता-कताबाट पिङको डोरी चुँडियो ।

दुबै धानबारीमा खसे । त्यो बेला ढाड, घुँडा र टाउकोमा गुमानसिंहको चोट लाग्यो । तर कम्मर भाँचिएर सुन्तली लामै समय ओछ्यान परेपछि उसले

थुप्रै थैली रित्यायो ।

जति खर्च गरेपनि सुन्तली बाँचिन । त्यही साँझ ऊ काठमाडौं पुगेको थियो । अनि कतारतिर पाइला सारेथ्यो ।

पिङ भन्यो कि ऊ सुन्तली सम्झिहाल्छ ।

अलिक सानै छँदा दशैंको बेला कमेरो र रातोमाटो लिन गुमानसिंह भीर-भित्तातिर गएथ्यो ।

'एक थुन्से ल्याउनु है ।'

बाले भनेको सुनेर ऊ रमाएको पनि थियो ।

'रातो माटो ल्याएर गाउँभरि बाँडिदिदा गाउँलेले आसिक दिन्छन् । यो धर्म पनि हो नि छोरा ।'

बाको अर्ति सम्झेर ऊ सहयोग गरुँ भनेर लागिपरेको थियो । अरु साथीहरू सँगै रातो माटो खन्न ऊ गयो । अरु ३-४ जना साथीहरू पनि सँगसँगै थिए ।

दुई जना अलिक वरतिरै रातो माटो खनेर थुन्से, बोरामा हाल्न थाले । खाल्डो खन्दै माटो हाल्दै बोरा र थुन्से बाहिर राख्न भ्याइनभ्याईमा व्यस्त थिए ।

अलिक परतिर पसेथ्यो गुमानसिंह ।

'पोहोर खनेको खाल्डोबाट नखन्ने माटो । म त नयाँ खाल्डोबाट रातो माटो लैजान्छु यो पालि ।'

यै सोचेर ऊ अरुले खोतलखातल गरेको खाल्डोमा पस्यो । त्यहाँ पसेर ३-४ कोदालो हानेको मात्र थियो । उसलाई केले पछाडिबाट थिचेको जस्तो लाग्यो ।

फर्केर हेर्दा पो सातो गयो । एउटा बडेमानको चितुवा उसको कम्मरमा झुन्डिएको थियो । चितुवा र उसको घम्साघम्सी पर्‍यो । कहिले ऊ माथि कहिले चितुवा मुनि निकै पटक भयो ।

ज्याकेट लगाएकोले चितुवाले राम्रोसँग दाह्रा गाड्न सकेको थिएन । निकैपछि उसले फरुवाले चितुवाको टाउकोमा बजारेपछि बल्ल बच्यो गुमानसिंह ।

घर फर्किदा पनि ऊ डराइरहेको थियो । धेरैले पत्याएनन् तर रातोमाटो थोरै लिएर आएपछि आमाले सोधेकी थिइन्-'अचेल चितुवा खुबै हुन्छन् रातमाटेतिर । तँलाई पनि भेट्टायो कि क्या हो ।'

गुमानसिंहले मर्केको हात देखाएर टाउको हल्लाएको थियो ।

दशैंको अर्को एउटा सम्झना पनि अहिले ऊ सम्झना गरिरहेको छ । झन् यो पटक त ऊ कहिल्यै पनि बिर्सन सक्तैन ।

सात कक्षा पढ्न थाल्दाको घटना हो यो । आमाले पाँच सय रुप्पे दिएर भनेकी थिइन् -'गुमाने, पाँच-दशका नोट साटेर ले है ठेकेदार मामाकोबाट ।'

'हुन्छ ।' ऊ दगुरेर गयो ।

बाटो मास्तिर ठूलो कदमको बोट थियो । त्यही नौ-दशजना लंगुरबुर्जा खेलिरहेका थिए ।

'लु-लु भाइ । दशैंको जुवा खेलौं, धन कमाऔं ।'

बुर्जा खेलाउनेले भन्यो ।

'राखौं, राखौं । धन कमाऔं-एकको दुई, पाँचको दस ।'

'पचासको सय-सय ।'

बुर्जा खेलाउनेले कराइरहेको थियो ।

सबैजना खेलिरहेका थिए । पचास खेल्नेले सय, सय खेल्नेले दुईसय कमाइरहेका थिए । गुमाउने कसैले पनि गरेनन्, सबैजना कमाएर उज्यालो अनुहार बनाइरहेथे । यता-उता सबैका अनुहार हेर्‍यो गुमानसिंहले ।

के सोचेर हो- उसले खल्तीको पाँचसयको नोट झिकेर झन्डी चिन्हमा राख्यो । 'लु मेरो यो !'

'भाइ राखेको हो त पुरै ?'

बुर्जा खेलाउनेले भन्यो ।

'हो, पुरै हो । मैले राख्या हो ।'

बुर्जा खेलाउनेले निकै पटक गोटी छालाको बट्टामा हल्लायो । जति पटक खर्लक-खर्लक आवाज आउँथ्यो । त्यति नै पटक जोडले मुटु ढुकढुकिन्थ्यो गुमानसिंहको ।

अन्तिममा लंगुर बुर्जा छरियो -चित्र कोरेको प्लाष्टिकको व्यानरमा ।

उसको पाँच सय स्वाट्टै सोहोरियो ।

झन्डी आएनन् । पानको पात र ईँट्टाको दाउ मात्र पर्‍यो ।

रोऊँ कि हासुँ भयो गुमानसिंह । अँध्यारो मुख लगाएर घर आयो । राति आमाले तीन चड्कन गालमा लाएपछि उसले निर्णय गरेको थियो अबदेखि यो दशैं-तिहारमा म 'डाइस' खेल्दिन ।

कतारको गाडी कारखानामा काम गरिरहेको गुमानसिंहले नटबल्टुले कस्दै मनमा कुरा खेलायो- 'अचेलका दशैं कस्ता होलान् है गाउँतिर !'




# दशैं आयो हामी सुध्रौं

एकातिर कैयौं नेपालीले किनेर पनि खान पाएका छैनन भने अर्कातिर खान पाउनेले फालिरहेका छौं। यही कुराको सन्तुलन मिलाउन सकियो भने पनि दुईछाक खान नपाउने अवस्थाबाट मुक्ति मिल्न सक्छ।



शम्भु सुस्केरा

२०७८ सालको दशैं ताकाको एउटा समाचार ताजै छ मेरो मानसपटलमा।

समाचार बाजुराको थियो। ३ दिनको बाटो हिँडेर कवाडी डिपोमा चामल लिन गएकी जुनकला चामल नपाएपछि छोराछोरी सम्झेर रुन्छिन्। दशैंमा चामलको भात खान खुशीले औंला गनेर बसेका बालबालिकालाई त्यतिबेला कस्तो होला जब चामल लिन गएका मान्छे चामल नलिइ घर फर्किन्छन्। र ती बाआमाले छोराछोरीको करुण क्रन्दन कसरी सहलान्।

सन्दर्भ दशैंबाट शुरु भए पनि दशैंभन्दा अलि फरक कुरा प्रस्तुत गर्न चाहन्छु।

हुँदा खानेहरूको दुईछाक खान पाउने अधिकार र सपनामाथि हुनेखानेहरूले कसरी प्रहार गरिरहेका छौं भन्ने विषय पाठकसमक्ष राख्न चाहन्छु।

तथ्याङ्कले गरिबी घटेको देखाए पनि अवस्थाले त्यस्तो बोल्दैन। कोभिड अघि नै नेपालको गरिबी २१.८ प्रतिशत थियो। कोभिडपछि गरिबी घट्ने आधार छैन। संसारभरिको अवस्था त्यस्तै छ। पुरानै तथ्याङ्क अनुसार ८२ करोड मानिसले दुई छाक खान पाउने अवस्था छैन। नेपालमा पनि २३ लाख भन्दा बढी मानिसले दुबै छाक खान पाउने अवस्था छैन। दिनदिनै देश र नागरिकको आर्थिक अवस्था नाजुक बन्दैछ।

एकातिर कैयौं नेपालीले किनेर पनि खान पाएका छैनन भने अर्कातिर खान पाउनेले फालिरहेका छौं।

यही कुराको सन्तुलन मिलाउन सकियो भने पनि दुईछाक खान नपाउने अवस्थाबाट मुक्ति मिल्न सक्छ।

कसले कहाँ फालिरहेको छ खानेकुरा हामी सबैलाई थाहा छ।

होटलमा फालिन्छ पैसा तिरेर किनेको त हो नि भनेर। भोज भतेरमा फालिन्छ अझ बढी चाहिँ।

कतिले खानेकुरा सिनित्त पारेर खानुलाई लाजको विषय र खानेकुरा फाल्नुलाई प्रतिष्ठाको विषय मान्छन्। कतिले खाना अड्कल गर्न नजानेर, कतिले नयाँ खानाको नयाँ स्वाद मन नपरेर, यस्तै विविध कारणले फालिन्छ खानेकुरा।

यसैगरी हरेक घरमा फालिन्छ खानेकुरा। मान्छेले खाइ नसके गाईवस्तुले खान्छ। गाउँघरको साझा तर्क हो। तर मान्छे र वस्तुले खाने खाना फरक हुन्छ। मूल्य नै फरक हुन्छ भन्ने सोच्दैनौं। अझ मानिसको खानेकुराले पशुहरू बिरामी पर्छन् भन्ने पनि हेक्का छैन। यही भएर मानिसलाई भन्दा बढी घर पालुवा जनावरलाई उपचार गरिरहेका हुन्छौं।

विशेष भोज, पार्टि, होटल वा पुजा अनुष्ठानमा फालिने ठूलो मात्रालाई गणना नगरौं। केबल हरेक घरमा फालिने खानाको कुरा गरौं।

६७ लाख भन्दा बढी परिवार छ देशमा। करिव ७ लाख परिवारलाई खान नपुगेर वा कतिले अनुशासित भएर खाना फाल्दैन भन्ने अनुमान गरौं। तर बाँकी ६० लाख परिवारले दाल, भात, तरकारी वा सबैथोक अलिकति भएपनि उभार्छ नै। हरेक छाक थोरै उभारेको ६० लाख परिवारको खानाले ३० लाख मान्छेलाई एक छाक खान पुग्छ।

यसरी हेर्दा नेपालमा किनेरै खान नपाउने अवस्था नहुनसक्छ। तर खान पाउनेले केबल खानुपर्छ फाल्नु भएन। आफूले अनुशासित भएर खाँदा मात्र कसैको खान पाउने अधिकार सुरक्षित हुन्छ। यो भनेको विना योगदान स्वतः पुण्य कर्म हो।

तसर्थ यस्तो आफूले खाएर मात्र स्वतः हुने पुण्य कर्म गर्न के गर्नुपर्ला त ? कास्की गाउँपालिकाका पूर्व अध्यक्ष युवराज कुँवरले सुनाएको यो प्रसङ्ग घतलाग्दो छ। उहाँ खाना नफालौं अभियानको अभियन्ता हो। उहाँले आफ्नी छोरीको विवाहमा पार्टी प्यालेसभरी खाना नफालौं भन्ने चेतनाका व्यानरहरू टाँस्नुभयो। त्यसबापत उहाँलाई ५० हजार सस्तो पऱ्यो। ७ लाखको बिल उठेकोमा ६ लाख पचास हजार मात्र लिए प्यालेस सञ्चालकले। ७ लाखको बीलमा १ लाखको खाना फालिन्थ्यो रे अरुबेला। तर कुँवर आफैं चिनिएका अभियन्ता थिए।

"खाना नफालौं, थपेर खाऔं, अरुको एकछाक खान पाउने अधिकार कुण्ठित नगरौं" यस्ता अनेक लेखेको व्यानर टाँसेपछि मान्छे सचेत भए। खाना फालेनन्। त्यसबापत जोगिएको १ लाखबाट ५० हजार छुट गरेको सञ्चालकले बताए रे।

त्यसैले हामी पनि अलिकति सचेत र कठोर हुन

सक्यौँ भने न खाना फालिन्छ, न कोही भोकै पर्छ, न किसानको अपमान हुन्छ। यसका लागि घर, होटल, भोज, पिकनिक आदि सबैतिर केही नियम लगाउनुपर्छ।

होटलमा खाना फाल्दा दुईगुना मूल्य लिने, पिकनिकमा दुईगुना शुल्क लिने, पार्टीहरू वा विभिन्न सामुहिक कार्यक्रममा पनि सरकारकै तर्फबाट मान्छे खटाएरै जरिवाना लिने व्यवस्था गर्ने।

खाँदा अनुशासित हुने, थोरै लिने बरु थपेर खाने, मन नपर्ने वा नौलो खाने कुरा भए थोरै लिने, दुईगाँस कम खाने, घरमा पनि दुई मुठी कम पकाउने। बढी पकाएर फाल्नुको सट्टा हरेक दिन दुईमुठी अलग राख्ने र खान नपाउनेलाई दिने वा त्यसलाई बचाएर कतै बचत गर्ने। हरेक दिन बचाएको अन्न बेचेर बचत र लगानी गर्नाले सम्पन्नता समेत हासिल हुन्छ।

र बालबच्चालाई पनि सिकाउने कि कुनै खानेकुरा स्वादका लागिभन्दा पनि शरीर र स्वास्थ्यका लागि खानुपर्छ। मानिसलाई सबै प्रकारका पोषण तत्वहरू चाहिन्छ। यदि कुनै कुरा नखाने वा कम खाने गर्नाले शरीरलाई आवश्यक पौष्टिकको मात्रा नपुगेर शरीर कमजोर हुन्छ।

बरु साँझ बिहान खाने खाना र तरकारीको तालिका बनाएर रोप्ने, किन्ने र पकाउने गरियो भने। मानिस कम बिरामी पर्ने मात्र होइन खाने कुरा फालिँदैन पनि। यत्ति हुनुभनेको व्यक्ति, परिवार र राष्ट्रकै स्वास्थ्य र आर्थिक समृद्धि बढ्नु हो।



अन्त्यमा,

तपाई हामी दुईछाक खान पाउनेहरूको सपना भनेको एउटा सुन्दर घर, गाडि बालबच्चाको राम्रो शिक्षा दिक्षासहितको व्यक्तित्व बनाउने हो। तर हामीजस्तै कुनै अर्को नेपालीको सपना हरेक छाक आफ्नो सन्तानलाई पेटभरि खुवाउनु हो। हामी आफ्नो सन्तानको सपना पुरा होस् भनेर जुन भगवानलाई प्रार्थना गर्छौँ त्यही भगवानलाई उनीहरूले दुइछाक भातका लागि भाकल गर्नुहुन्छ। तर हामी त्यसलाई पनि भत्काइ दिन्छौँ।

यसपटकको दशैँमा सबै बालबालिकाले चामलको भात खान पाउन्, यसका लागि हामी सबैले खाना नफालेर योगदान गरौँ। हामीले आफ्नै बिगत सम्झिऔँ त ! दशैँमा मात्र मासु खान पाउने कति छौँ र खान नपाउँदा कस्तो हुन्थ्यो भनेर।

अबदेखि खाना नफालौँ। पार्टी या भोजभतेरमा खाना फाल्नु होइन नफाल्नु वा चाटेर सिनित्त पारी खानु चाहिँ सभ्यता हो भन्ने बुझौँ र अपनाऔँ।

अझ झण्झट लाग्दैन भने अन्न उत्पादन हुने धर्ती, उत्पादन गर्ने किसान, त्यसलाई किनबेच गर्ने व्यावसायी, पकाउने भान्से र त्यसलाई जुटाउने तपाईको ईश्वरलाई खाना खाने वेला धन्यवाद भनौँ।






नु श्रेष्ठ



बेनिशा पौडेल





विना भट्टराई



रिता केसी

# दशैंमा के गर्छन् गायिका

**नेपालीहरूको महान पर्व तथा उत्सव बडा दशैं नजिकिएको छ। असत्य माथी सत्यको विजयको प्रतीकको रुपमा मनाइने दशैंको सबैतिर रौनकता र उत्साह बढेको छ। टाढा–टाढा जानेहरूले टिकट बुक गरिसकेका छन्, नयाँ पैसा साट्न बैंकमा लाइन बस्नेको भीड उत्तिकै छ। विद्यालयहरू बन्द भइसकेका छन्। गाउँबाट अध्ययन तथा कामको लागी शहर पसेकाहरूको घर जाने लर्को लागेको छ। हिन्दू मात्रको महान चाड दशैं जसको आफ्नै सामाजिक, राजनैतिक, आर्थिक र साँस्कृतिक महत्व छ। दशैं सामाजिक रूपमा एक आपसमा सद्भाव, माया, आदर बढाउने पर्व पनि हो। सधैं विभिन्न स्टुडियोमा गीत रेकर्ड गर्नमा व्यस्त गायिकाहरूले पनि दशैंको अवसरमा फुर्सद लिने र रमाइलो गर्ने योजना बनाएका छन्। कसरी मनाउँदै छन् त गायिकाहरूले दशैं ?**

● **बबिना भट्टराई** : दशैंको खासै योजना त बनाएको छैन तर विगतका दशैंमा जस्तै यो दशैंमा पनि मातारानीको भजन भर्खरै सार्वजनिक भएको छ। यो वर्ष पनि मेरो भजनलाई दर्शक, श्रोता र पाठकहरूले मन पराइदिनु हुनेछ भन्ने विश्वास लिएकी छु। समग्रमा दशैंको मुख्य मर्म भनेको पारिवारिक भेटघाट, रातो अक्षता, जमरा नै त हो नि। म पनि परिवारसँग रमाइलो भेटघाट, टीका र आर्शिबाद लिएर दशैं मनाउने योजनामा छु। मेरो लागी दशैंको रौनकता भनेको नवरात्रीका नौ दिन पनि हुन्। यी नौ दिन मातारानीको उपासना तथा दुर्गा भवानीको पूजा, आराधना र रियाज गरेर विताउँनेछु। घरमा माता दुर्गा भवानीको पूजाआजा गर्न पाउने, आँफू भन्दा अग्रजबाट टीका, जमरा लगाएर आशिर्वाद थाप्न पाउने, लामो समयसम्म भेट नभएका आफन्तजन, साथीभाईसँग रमाइलो भेटघाट हुने, शहरिया


बबिना भट्टराई


सुशीला बराल


पूर्णिमा कोइराला


शिलु अधिकारी

जीवन या भनौ व्यस्त जिन्दगीबाट केही दिन भएपनि आफ्नो गाउँघरमा रमाउन पाउने तथा साना साना भाईबहिनीहरू सँग लिङ्गे पिङ्ग खेल्दै रमाउन पाउने भएकोले दशैं मलाई विशेष लाग्छ। दशैं हर्ष, उल्लास र उमंग लिएर आउने चाड हो तर गरिबको घरमा दुःख र पीडा बनेर आउने गरेको पनि मैले देखेको छु त्यो सबैभन्दा पिडादायी लाग्छ। साथै बढ्दो बलिप्रथाले पनि दशैंको रौनकतामा खल्लोपन थप्ने गरेको छ। दशैंलाई बलिको पर्व नबनाऔं भन्ने आग्रहका साथ मैले यो वर्षदेखि पूर्ण शाकाहारी भोजनका साथ दशैं मनाउने निर्णय गरेकी छु। सबैले आफ्नो क्षमता अनुसार रमाइलो गरेर दशैं मनाऊ भन्ने पनि मेरो अनुरोध रहेको छ। मेरा श्रद्धेय दर्शक, श्रोता तथा शुभचिन्तकहरूमा दशैंको मंगलमय शुभकामना।

● **सहिमा श्रेष्ठ** : विगतका वर्षहरूमा दशैंको बेला विदेशतिर नै रहे तर यसपाली भने नेपालमा नै आफ्नो परिवारसँगै रहेर दशैं मनाउने योजनामा छु। हामी हिन्दुहरूको महान पर्व दशैं यसै नै उल्लासमय पर्व हो, झन् परिवारसँगै रमेर दशैं मनाउँदाको उल्लास र रौनकता नै फरक हुन्छ। मान्यजनको आशिर्वाद, साथीहरूसँगको भेटघाट र शुभकामना आदानप्रदान पनि दशैंको अर्को राम्रो पक्ष हो। मेरो दशैं पनि यसरी नै रमाइलो गरेर बित्नेछ भन्ने योजनामा छु। दशैंको सन्दर्भमा देविदेवताको मन्दिरमा दिइने बलीप्रथा एकदम गलत लाग्छ मलाई। यो मानिसले नै आँफू खाने बहानामा बनाएको चलन जस्तो लाग्छ त्यसैले यो चलन अन्त्य भइदिए हुन्थ्यो। मेरा सबै दर्शक, श्रोता तथा शुभचिन्तकहरूमा पनि बडा दशैंको शुभकामना व्यक्त गर्दछु।

● **बेनिशा पौडेल** : दशैं आयो ... भन्दा भन्दै यो वर्षको दशैं पनि आइहाल्यो। वर्षको एक पटक आउने दशैंले मलाई साच्ची नै खुसी दिने गर्छ। दशैं मलाई धेरै रमाइलो लाग्ने पर्व हो। यसपालीको दशैं घर गएर परिवारका सबै जनासँग भेटघाट अनि रमाइलो गरेर मनाउने हो। गाउँघरमा आफ्ना पुराना साथीहरू भेट्ने अनि रमाइलो गर्ने बिचारमा पनि छु। मामाघर पनि जाने हो, मान्यजनबाट टीका लगाउने, जमरा लगाउने अनि आशिर्वाद लिने हो। दशैं आफैंमा एकदमै सकारात्मक पर्व तथा उत्सव हो, दशैंले सबैतिर, सबै जनालाई खुसी, उल्लास र उमंग दिने गर्दछ। दशैंको वातावरण नै रमणीय अनि मनमोहक हुने गर्दछ। फूलहरू यहि बेला फुल्छन् जसले दशैं र तिहारलाई अझ रमाइलो बनाउँछ। म एकदमै रमाइलो गरेर यो दशैं मनाउदैछु, तपाईहरू सबैको दशैं मेरो जस्तै रमाइलो होस् भन्ने शुभकामना पनि व्यक्त गर्दछु।

● **पूर्णिमा कोइराला** : दशैंको समय अलि फुर्सदिलो समय पनि हो त्यसैले यो दशैमा मेरो मुख्य योजना घुमघाम गर्ने बनेको छ। घुमघामको साथसाथै सदा जस्तै माता दुर्गा भवानीको आराधना र आर्शिवादसहित टीका जमरा ग्रहण गर्ने र परिवारसँगै रमाएर बस्ने हो। दशैंको सबै भन्दा राम्रो पक्ष त यो बेलाको मौसम पनि हो नि ! न धेरै गर्मी न जाडो। अनि माता दुर्गा भवानीको पूजाआराधना, हर्सोल्लास अनि टाढा भएर बसेका परिवारजनसँगको भेटघाट, सस्कार र सस्कृतिको जगिर्ना पनि हो यो पर्व। यहि भावले परिवारसहित दशैं मनाउँदैछु। दशैंको सबैभन्दा दुःखद् र चित्त नबुझ्दो पक्ष मलाई बली प्रथा लाग्छ। दशैं रमाइलो गर्ने पर्व हो तर लाखौ निर्दोष पशुपंक्षीको हत्या गरेर आँफू रमाउनु मानवीयता होइन जस्तो लाग्छ।

● **रिता के.सी** : वर्ष भरि यताउता गरेर वित्यो। तीज लागेदेखि विदेशतिर नैं धेरै भए। अब दशैंको मुखैमा स्वदेश फर्कदैछु। यो वर्षको दशैं चाहि पाल्पा पुगेर सबै परिवारसँग भेटघाट, टीका, जमरा र आशिर्वाद लिएर मनाउने योजनामा छु। दशैंमा शहर भन्दा गाउँमा नै रमाइलो लाग्छ मलाई। गाउँघरको स्वच्छ वातावरण, पुराना साथी-संगीसँगको भेटघाटले दशैंको रौनकता नै अर्कै बनाइदिन्छ। यहि विशेष रौनकतामा रमाउदै यो वर्षको दशैं मनाउँदै छु म, साथै मेरा सबै दर्शक तथा श्रोताहरूमा पनि दशैंको शुभकामना ब्यक्त गर्दछु।

● **सुशीला बराल** : मेरो यो वर्षको दशैको योजना भनेको परिवारसँग समय बिताउने, घर जाने, सबै आफन्त, इष्टमित्रसँग भेटघाट गर्ने नै रहेको छ। साथै सधैजसो सामान्य तरिकाले भेटघाटलाई अलि बढि प्राथमिकता दिने, मीठामीठा परिकार बनाउने, सबैजना मिलेर खाने, रमाइला कुराकानी गर्ने, ठुलाबडाको हातबाट टीका थापी आशीर्बाद लिने पनि योजना रहेको छ। दशैं मनाउने क्रममा अरुको देखासिकी गर्ने, आडम्वर देखाउने, अनावश्यक खर्च गर्ने क्रम पनि बढेको छ। यसो गर्दा सामान्य परिवारमा असर पुग्ने भएकोले आडम्वर र देखासिकीरहित आफ्नो क्षमता अनुसार दशैं मनाउन सबैमा अनुरोध गर्दछु।

● **शिलु अधिकारी** : एकता र सद्भावको पर्वको रुपमा मनाईने दशैं मलाई बिशेष लाग्छ। दशैंको बिशेष योजना त त्यस्तो केहि छैन। बरु अरु बेला घर परिवारलाई समय दिन नपाउने

भएकोले यो बेला पुरै समय परिवारसंग बिताउने योजना छ।

सधैं जसो घर परिवारसँगै पूजापाठ, ठुलाबडाको हातबाट टिका थाप्ने, आशिर्बाद लिने, संगै खानपिन गर्ने, पिङ्ग खेल्ने लगायतका क्रियाकलाप गरेरै दशैं मनाउने हो। अरुबेला बिशेष परिस्थितिले टाढा-टाढा भएका आफन्तहरूसंगको भेटघाट दशैंको सकारात्मक पक्ष लाग्छ। दशैंमा केहि लामो बिदा हुने भएकाले नितान्त आफु र आफ्नो परिवारको लागि समय दिन पाईन्छ। जीविकोपार्जनका लागि गरिने दैनिक क्रियाकलापबाट केहि दिनका लागि भएपनि छुटकारा पाईने हुदा केहि दिन भएपनि कामबाट हुने तनाब कम महशुष गर्न पाईन्छ। अरुबेला जे जस्तो भएपनि दशैंको बेला सबैका परिवार भेला हुने भएकाले अत्यन्तै खुशी लाग्छ। दशैंमा बलिदिने प्रथा भने खास मन पर्दैन तसर्थ आफ्नो सवारी साधन तथा देवीदेवता पूजा गर्दा नरिवल चढाउने गरेकी छु। दशैंमा सकिनसकी ऋण गरेर भएपनि अनावश्यक बढी खर्च गर्ने तथा स्वास्थ्यको ख्याल नगरी अत्याधिक मात्रामा मासुजन्य परिकारको उपभोग तथा मदिरासेवन गर्ने प्रचलन ठिक लाग्दैन। आफ्नो आर्थिक स्थिति हेरेर, आफ्नो स्वास्थ्यको ख्याल गरेर मात्र दशैं मनाउन सबैलाई आग्रह गर्दछु।

● **बिना भट्टराई** : टीकाको अघिल्लो दिन नै एउटा सांगितिक कार्यक्रममा सहभागी हुने योजना बनेको छ। टीकाको दिनसम्म काठमाडौंमा नै हुनेछु। काठमाडौंमा रहनु भएका अग्रज तथा आफन्तजनसँग टीका र आशिर्वाद लिएर झापा जाने योजनामा छु। झापा पुगेर आमाको हातको टीका, जमरा र आशिर्वाद लिनेछु, बुवाको अभाव भने मन भरि खड्किनेछ। विगत तीन वर्ष झैं यो पाली र आगामी हरेक दशैं अनि चाडवाड बुवाको अभावमा नै मनाउनु पर्ने बाध्यता त छदैछ, कल्पनामा अनि तस्वीर हेरेर बुवाको अभाव र शुन्यताले बिझाएको मनलाई सान्त्वना दिनु पनि छ। दशैं राम्रो लाउने र मीठो खाने चाड पनि हो। छोरीचेलीलाई टीका लगाएर दक्षिणा दिने पनि हाम्रो संस्कार हो, मान्यजनले दिनु हुने दक्षिणाको महत्व पनि छुट्टै छ नि। दक्षिणा पाएर म पनि रमाउनेछु, खुसी हुनेछु। परिस्थिति र बाध्यताले विदेशिनु भएका आफन्तजनहरू संगको भेटघाटले दशैं झन् सुखद् हुने विश्वास लिएकी छु। मासु खानेहरूले भगवानको नाममा, देविदेवताको नाममा बलि चढाएको चाहि मन पर्दैन। भगवान, देविदेवताले बलि माग्छन् जस्तो पनि लाग्दैन। सबैले खुसीका साथ दशैं मनाऔं भन्न चाहन्छु।

● **बुनु श्रेष्ठ** : यो पालीको दशैंमा आमालाई भेट्न अनि आमासँग टीका, जमरा लगाई आशिर्वाद लिन दमक जादैछु। यस पटक दशैंको मेरो मुख्य योजना यहि नै हो। यो बाहेक मन्दिर जाने, देवि दुर्गा भवानीको पूजा अर्चना गर्ने र आशिर्वाद लिने तथा आफन्तहरूसँग भेटघाट गर्ने योजना पनि छ। यहि दशैंको बहानामा सबै आफन्त तथा इष्टमित्रहरूसँग भेटघाट हुन्छ र धेरै समय पछि भेटिएका आफन्तजनसँग खुसी बाँड्न पाइन्छ यसैले पनि मलाई दशै रमाइलो लाग्छ। भगवानको नाममा काटमार र देखासिकी गरेर कसैले पनि दशैं नमनाइदिए हुन्थ्यो भन्ने पनि लाग्छ। दशैं सबैले रमाइलो गरौ, दशैं कसैको लागि पनि दशा नबनोस्, दशैंको सबैमा शुभकामना।







रोजगार
एनआरएन
अर्थ
लगायतका गतिविधिका लागि
लग अन गर्नुहोस्
रोजगार मञ्च
rojgarmanch.com

# प्रवासीको कथामा परदेशी २



नारायण रायमाझीले निर्देशन गरेको चलचित्र 'परदेशी-२' यही असोज २६ देखि प्रदर्शनमा आउने भएको छ। प्रर्दशनको मिति नजिकिएसँगै कलाकारसहित निर्माण टिम अहिले फिल्मको प्रचारका लागि देश दौडाहामा छ।

फिल्मको कथालाई लिएर बनाइएको गीतिनाटक 'बिदाइ'को मञ्चनसहित फिल्मको प्रचारात्मक कार्यक्रम भइरहेको फिल्मका निर्देशक नारायण रायमाझीले बताए। विद्यालय र कलेजमा गीति नाटक देखाउने गरिएको उनको भनाइ छ।

चलचित्रमा परदेशीको जीवन देखाइएको निर्देशक रायमाझीले जानकारी दिए। उनले भने, 'हाम्रो समाजकै कथालाई पर्दामा ल्याएको छु। मेरा अघिल्ला चलचित्रझैँ यो पनि सामाजिक विषयवस्तुमै केन्द्रित छ।' उनले चलचित्रका कलाकार मोफसल यात्रामार्फत दर्शकसँग भेटघाट गरिरहेको जानकारी दिए।

चलचित्रमा दिलीप रायमाझी, प्रशान्त तामाङ, केकी अधिकारी, वर्षा शिवाकोटी, नीर शाह, रमा थपलिया, सबिन बाँस्तोलालगायत कलाकारले अभिनय गरेका छन्। यसै चलचित्रबाट गायक प्रकाश सपूतले अभिनयको सुरुआत गरेका छन्।

चलचित्रमा रमेश बिजीले कथा लेखन, मानकृष्ण महर्जनले छायाङ्कन, अष्ट महर्जनले द्वन्द्व निर्देशन, दीर्घ खड्काले सम्पादन, रामजी लामिछाने र गोविन्द राईले नृत्य निर्देशन गरेका छन्।

जे देखियो

# हराउँदै गयो दशैंको रौनकता

नेपालीहरुको महान् पर्व दशैं तिहार भन्ने बित्तिकै हरेक नेपालीहरुका मनमा बेग्लै किसिमको उत्साह उमंग छाउने गर्दछ। देश विदेशमा छरिएर रहेका दाजुभाई, आमाबुवा, दिदिबहिनी, आफन्तजनहरुसँग भेटघाट हुने, मान्यजनहरुबाट टिका लगाई आशिर्वाद लिने तथा एक आपसमा सुख-दुःख साट्न पाइने भएकाले पनि दशैंलाई परापूर्व कालदेखि नै नेपालीहरुको महान् पर्व भनि मानिदै आएको छ।

तर केहि वर्षयता दशैंको रौनकता पहिलेको तुलनामा हराउँदै गएको देख्न सकिन्छ। मानिसहरु शहरमूखि भएर भनौं या काममा व्यस्त भएर भनौं दशैं मनाउन गाउँघरमा जानै छाडिसकेका छन्। कुनै समय जतातत‍ै गाउँघरमा देखिने बाबियोका लिंगे पिङ, रोटे पिङहरु देख्न छाडिसकिएको छ। मखमली र सयपत्री फूलहरु फूल्नै छाडिसकेका छन्। मानिसहरु आधुनिकतामा बढि आकर्षित हुन थालेर पनि होला अहिले दशैंलाई पनि डिजिटलाइज बनाउन थालेका छन्। अनलाईनबाटै दशैंको टिका थाप्ने आशिर्वाद लिने परम्परा बढ्न थालेको छ। त्यसले गर्दा हाम्रो मौलिक परम्परा र संस्कृति नै लोप हुने स्थितिमा पुग्न लागेको छ।



पर्वत विश्वकर्मा

अहिले थुप्रै युवाहरु वैदेशिक रोजगारको सिलशिलामा विदेशमा भएर पनि होला गाउँ युवाविहीन छ। जसका कारण पनि गाउँमा पहिलेको तुलनामा दशैंको रौनकता छैन। यता शहरमा भएकाहरुले पनि गाउँमा भएका बुवाआमालाई यतै बोलाएर दशैं मनाउन थालेका छन्। पिङमा जम्मा भएर पिङको सर्कासँगै चचहुई भन्दै चिच्याउन न त पिङ नै हालिएका छन्, न त पिङमा चिच्याउने युवा नै छन्। वर्षको एक पटक जमिनबाट पाउँ हटाउँदा पुण्य प्राप्त हुन्छ भन्ने धार्मिक मान्यता छ र पिङ खेल्ने गरिन्थ्यो तर अहिले पहिलाको जस्तो दसैमा पिङ खेल्ने परम्परा हराइसकेको छ।

दशैको परम्परागत रौनकता हराउँदै गएर आधुनिक मनोरञ्जनका साधन थपिँदै जान थालेको र युवापुस्तामा दसैंका नाममा तास र मदिराको कुलतको विकृति बढ्दै गएको देख्न सकिन्छ।

दशैं हरेकको घर आँगनमा उत्साह बोकेर पुग्ने गर्छ र ढोका खुल्ने प्रतिक्षा गर्छ। कसरी स्वागत गर्ने त्यो हाम्रो संस्कारको कुरा हो। आजकल धर्म परिवर्तन गर्ने होडले गर्दा पनि धेरै नेपाली आफ्नो संस्कारबाट टाढा हुदैछन्।

दशैं नेपालीहरुको महान पर्व भन्ने गरिएतापनि यो पर्व असत्य माथि सत्यको विजय उत्सव भनेर अन्य देशका नागरिकहरुलाई बुझाउन सकिएको छैन। एक अर्कासँग अन्तर निर्हित भई व्यवसायीक र भावनात्मक सम्बन्ध गाँसिएको दशैंलाई हेर्ने दृष्टिकोण फराकिलो पार्दै जानुपर्ने आवश्यकता रहेको छ।

आजकल दशैं जस्तो ठूलो चाँडपर्व उत्साह र उमंग भन्दा पनि बढी बोझ हुँन थालेको छ हामीलाई। सायद महंगाईको कारणले पनि होला। त्यसकारण दशैंलाई हामी सबै मिलेर स्वागत गरौं र एक अर्कामा शुभकामना आदानप्रदान गर्दै जेजसरी सकिन्छ आफ्नो गक्ष्य अनुसार मनाऔं र यसलाई लोप हुन नदिन हामी सबै एकजुट भएर लागौं।



चाडपर्वको संरक्षण र
सम्बर्द्धन गरौं ।

**चाडपर्वमा फजुल खर्च नगरौं ।**

हाम्रा साँस्कृतिक
पर्वहरूको जगेर्ना गरौं ।

**मद्यपान र जुवातासजस्ता**
**विकृतिको अन्त्य गरौं**

नेपाल सरकार

**विज्ञापन बोर्ड**

विजयादशमी २०८० को पावन
अवसरमा देश-विदेशमा रहनु भएका सम्पूर्ण
नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना ।



## बडा दशैंको शुभकामना

HAPPY DASHAIN



सरोजकुमार श्रेष्ठ
अध्यक्ष

राष्ट्रिय व्यापार संघ
२०६१
काठमाडौं, नेपाल

## राष्ट्रिय व्यापार संघ, परिवार

# शुभकामना

विजयादशमी तथा दिपावली २०८० को पावन अवसरमा
देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाइ तथा
दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना ।





जनक रावल
अध्यक्ष

Progressive Forum of Foreign Employment Agencies, Nepal
PFFEAN
2071

## प्रगतिशिल वैदेशिक रोजगार व्यवसायी मञ्च

पिंगलास्थान, काठमाडौं
फोन : ९७७-१-४४६४३०१/४४६४७२६

# अटुट छ यो साथ जुनीजुनीलाई
# समृद्धिको सौगात, मेरी उनीलाई

## मेरी उनीलाई
मुद्दती खाता

आकर्षक ब्याजदर




### थप सुविधाहरू

रू. ५ लाख सम्मको दुर्घटना बीमा
रू. २ लाख सम्मको गम्भीर रोग बीमा
रू. १ लाख सम्मको औषधोपचार बीमा

घर कर्जा सेवा शुल्कमा विशेष छुट

**नि:शुल्क**

लकर सुविधा (पहिलो वर्ष)

डेबिट कार्ड (पहिलो वर्ष)

मोबाईल र ईन्टरनेट बैंकिङ्ग (पहिलो वर्ष)

### खाताका विशेषताहरू

- अवधि ६ महिना देखि २ वर्ष सम्म
- न्यूनतम मौज्दात रू. २ लाख
- यस खातामा ५० हजार भन्दा माथिको रकम पुन: थप गर्दै जान सकिनेछ

*शर्तहरू लागू हुनेछ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

GLOBAL CONNECT
Call Us : +977-1-5970600
globalconnect@gibl.com.np

'[ICRANP-IR] A' Rated


UAE, Qatar, Malaysia
Japan र Korea लगायत विश्वका
विभिन्न मुलुकहरु बाट तपाईंले दुःख
गरेर कमाएको पैसा IPay रेमिट
मार्फत सुख साथ आफ्ना
आफन्तलाई पठाउनुहोस् ।
ipay remit
CONTACT US
www.ipayremittal.com
Toll Free: 1660010006
Naxal -2, Gairidhara Kathmandu, Nepal
ipay remit
सुखमा पनि
दुःखमा पनि..



सम्बन्ध सधैंभरिलाई
घरबाट टाढा,
परिवारको नजिक
एस बि एल
रेमिट
सिद्धार्थ बैंकको रेमिट्यान्स सेवा
विदेशबाट चाँडोभन्दा चाँडो नेपाल पैसा पठाउने सबैभन्दा सजिलो र भरपर्दो माध्यम
९०००+
सक्रिय भुक्तान केन्द्र
४००+
प्रत्यक्ष अकाउन्ट डिपोजिट बैंक
०१-५९७००२०
ग्राहक सेवा केन्द्र
SiddharthaBank
www.siddharthabank.com
customercare@sbl.com.np

Crystal Diagnostic
Screening for Clarity

Trusted Solutions, Not Just Results

# Protect Your Health, Diagnose Earlier.

'A' grade pathology laboratory certified by NPHL, Government of Nepal

## OUR SERVICES

- Antigen Testing
- Biochemistry
- Cytology
- Flucytrometry
- Haematology
- Histopathology
- Immunochemistry
- Immunofluorescence
- Immunology
- Microbiology
- Molecular RT-PCR Test
- Molecular Diagnostics
- Various Allergy Testing
- Virology

Contact: 01-4561020/21/30
Mobile: 9802302157, 9802301020
Address: Sinamangal, Kathmandu
Visit Website: www.crystaldiagnosticlab.com






IME®
International Money Express
Fast, Reliable And Secure Remittance
IME pay
GET IT ON Google Play
Download on the App Store
SCAN & DOWNLOAD



FREE DELIVERY
*inside kathmandu valley
Scratch COUPON
Upto Rs.1000 Cashback
Belaco
HOME APPLIANCES
दशैंको बहार
उपहार
नै उपहार
FLAT
10%
discount
One Lucky Winner
258L Refrigerator
हरेक सामान को खरीद मा हात खाली नजाने उपहार
FREE
Washing Machine
8KG
Free: 2.8L Rice cooker
FREE
Washing Machine
7KG
Free: Electric Jug 1.7L
FREE
Smart LED TV
32"
Free: Sandwich Maker
FREE
Double Door
Refrigerator 258L
Free: 2 burner gas stove(BH35)
FREE
Double Door
Refrigerator 370L
Free: 3 burner gas stove
FREE
Chest Freezer
290L
Free: 2 slice Toaster
आफ्नो नजिक को डिलर बाट
बेलैमा किन्नुस बेलाको
IKBH Group Pvt. Ltd.
Sitapaila, Kathmandu, Nepal
01-5300700, 9801666001




पुऱ्याउँछौं खुशी

a product of

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

www.himalayanbank.com/himalremit

टोल फ्रि १६ ६०० १११ ०००

रेमिटान्स सेन्टर, कर्पोरेट अफिस, कमलादी, काठमाण्डौ
फोन: ००९७७-१-४२५०३५४

QR SCAN
FOR MORE
DETAILS.

Follow us on:
himalremit
@himalremit
@himalremit